


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २६ •अंक २९३ • २०८१ साल चैत ०८ गते शुक्रबार (21 March, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–




## एसईई बहिष्कार गरेका सीएम सिंह सुटुक्क गोरखपुर



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह एसईई परीक्षा वहिष्कार भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई भेंटन सुटुक्क गोरखपुर पुगेका छन् ।

एकजना दलाललाई बोकेर मुख्यमन्त्री सिंहले गोरखपुरमा मुख्यमन्त्री योगीलाई भेंटेका छन् ।औपचारिक निम्तो नपाएर गोरखपुरमा योगीलाई भेंटन पुगेका मुख्यमन्त्री सिंहले नेपाल सरकारबाट स्वीकृती समेत लिएका छैनन् ।

लामो समयदेखि मुख्यमन्त्री सिंहले उत्तरप्रदेशका समकक्षी योगीसित भेंटन मरिहत्ते गरेका थिए ।यस अघि सिंह बिना निम्तो अयोध्या पुगेका थिए ।तर त्यहाँ उनलाई उत्तर प्रदेश सरकारले भाउ दिएन् ।अपमानित भएर फर्केदेखि सिंहले गोरखपुर पुगेर योगीलाई भेंटेका हुन् ।

पूर्व राजाका समर्थकहरुले हालै काठमाण्डुमा गरेको एउटा प्रदर्शनमा उत्तर प्रदेशका मुख्यमन्त्री योगीको फोटो प्रदर्शन गरेपछि अहिले देशको राजनीति नै तरंगीत बनेको छ ।राष्ट्रिय राजनीति तरंगीत भै रहेको बेला मधेश प्रदेशका मुख्यमन्त्री सिंह नेपाल सरकार र मधेश प्रदेशको मन्त्रीहरुलाई समेत जानकारी नदिई सुटुक्क गोरखपुर गएकालाई रहस्यमय मानिएकोछ ।

मुख्यमन्ती सिंहले मधेश र उत्तर प्रदेशको पर्यटन प्रबर्द्धनको विषयमा छलफल भएको बताएपनि उनीसँग योजना बेच्ने एकजना दलाल बाहेक प्रदेश सरकारका अधिकारीहरु भने छैनन् ।

### महायज्ञको नाममा उठिवास

## अछुत भन्दै दुई फिट जमिन नै ताछेर फाले, जनप्रतिनिधि फरार

**टुडे समाचारदाता**

लहान । सिरहाको औरही गाउँपालिका- ५ मा एक विपन्न डोम परिवारमाथि भएको अत्याचारको घटना बाहिरिएसंगै जनप्रतिनिधिसमेत फरार भएका छन् ।

विष्णु महायज्ञ लगाउन सार्वजनिक स्थलमा बस्दै आइरहेका दलित दीपक मरिक (डोम) को भत्काइएपछि अन्यत्र सारिएको छ । चैत १७ गते शुरु हुने विष्णु महायज्ञको लागि यज्ञ स्थलको मुखमा ऐलानी जग्गामा बस्दै आइरहेका दीपक मरिक (डुम)लाई अन्यत्र सारिएको छ । उनीहरुलाई सारेपछि अछुत भन्दै दुई फिट जमिन नै ताछेर उनीहरुले हटाउँदै शुद्धिकरण बजरंगीबाबाले गरेको आरोप लगाइएको छ ।

आफू बस्दै आएको घर खाली गराउन पुरै गाउँलेले सहमति गरेपछि बाध्य भएर घर खाली गर्नु परेको दिपक मरिकको श्रीमती अनिता मरिकले जानकारी दिए ।

अहिलेको जमानामा पनि अन्धविश्वास पत्याएर स्थानीय सरकारले नै दलित, विपन्न एवं बेसहारा परिवारको सानो संसार उजाड्न जेसीभी लगाएर उठिबास गराएका छन् ।

दीपक मरिक र अनिता मरिकको त्यो घर जनता आवास कार्यक्रममार्फत पाँच वर्षअघि सरकारले नै बनाइदिएको थियो । दीपक र अनिता गाउँपालिका र स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रका सफाइकर्मी हुन् । करारमै भए पनि उनीहरू सरकारी कार्यालयमै सेवा गरिरहेका थिए । गाउँपालिका अध्यक्षले घर भत्काउन डोजर पठाएको दिन पनि उनीहरू काममै हुन्छन् ।

केही दिन अघि मात्रै दीपक र अनिताले घरमा बुहारी भित्र्याएका थिए । डोजर आउँदा घरमा उनीहरूकी बुहारी र ससाना केटाकेटी मात्रै थिए । भूमि पूजन गर्नु छ भन्दै हतारिएका बजरंगी बाबाले घरबाट तुरुन्तै सामान झिक्न आदेश दिए । अनिताकी बुहारी र केटाकेटीले भ्याएजति



र सकेजति सामान निकाल्न भ्याए । त्यत्तिकैमा डोजरले घर भत्काउन थाल्छ । झिक्न नभ्याएका केही समान त्यहीँ पुरिन्छन् ।

३० वर्षदेखि त्यो ठाउँमा बसेका मरिक परिवारले ५ वर्षअघि मात्रै दुईकोठे पक्की घर पाएका थिए । त्यो पनि निमेषभरमै डोजरले ढालिदिएको थियो । आफूलाई रोजगारी दिएका गाउँपालिका अध्यक्षले अर्को व्यवस्था गरिदिने आश्वासन दिँदा दीपकले मुन्टो हल्लाएर सहमति दिएका थिए ।

दीपक र अनिताका लागि त्यो घर केवल इँटाको थुप्रो थिएन, सपनाको संसार नै थियो । वर्षौंपछि उनीहरू सुरक्षित घरमा बस्न पाएका थिए । गाउँमा ट्युबवेलको छेउमा समेत जान नपाउने उनीहरूले आफ्नै खर्चमा ट्युबवेल बनाएर खानेपानीको व्यवस्था गरेका थिए । राजमार्गबाट अलिक भित्रै भएकाले केटाकेटीका लागि पनि सुरक्षित थियो । तर ३० वर्षदेखि बसेको थातथलो, बालबच्चाको नाभी जोडिएको घर अनि नयाँ बुहारी भित्र्याएको आँगन एकैछिनमा उजाडियो । घर मात्र होइन, पालिकाले उनीहरूको मन पनि भत्काइदिएको थियो ।

विपत्ति आउनुअघि घरछेउमै १०८ विष्णु महायज्ञ लाग्ने खबरले अरु गाउँले जति खुसी थिए, मरिक परिवारको खुसी त्योभन्दा कम थिएन । तर उनीहरूलाई के थाहा, महायज्ञको नाममा उनीहरूको उठिबास लाग्दै छ भनेर ।

सरकारले बनाइदिएको मरिक दम्पतीको घर पालिकाले भत्काइदिएको घटना झण्डै एक महिनासम्म गुपचुप राखि दिएको थियो । अन्यायमा परेको परिवार एकातिर, अनि सिंगो स्थानीय सरकार र समाज अर्कातिर भएकाले सबै तैं चुप मैं चुप थिए । जागिरबाट निकालिने डरले दीपक र अनिताले कतै उजुरबाजुर गर्ने हिम्मत गरेनन् ।

पीडित अनिताले गाउँपालिकाका अध्यक्ष र वडा नम्बर ५ का पूर्ववडाध्यक्ष दिलीप यादवले दबाब दिएर हट्न बाध्य पारेको बताइन् । उनले आफ्नो पुरानो घर बिर्सेकी छैनन् । त्यसैले त घरको एक-एक भग्नावशेष टिपेर फुसको छाप्रोनजिकै ल्याएर थोपरेकी छन् । उनी आफैं मुटुको बिरामी पनि छन् ।

यज्ञ आयोजक समितिका अध्यक्षसमेत रहेका गाउँपालिका अध्यक्ष शिवजी यादवले मरिक परिवारको घर भत्काएको स्वीकारेका छन् । अर्को व्यवस्था गरेर उनीहरूको सहमतिमै सारिएको उनले जिकिर गरे ।

मरिकको घर स्थानीय सरकारले नै भत्काइ दिएपछि राष्ट्रिय दलित आयोगमा न्यायको याचना गर्दै उजुरी दिएका छन् । स्थानीय दलित अभियन्ता कबुल पासवानले मरिक परिवारले न्याय पाउनुपर्ने बताए ।

मरिक परिवारमाथि जे भयो, त्यो नेपालको संवैधानिक प्रतिबद्धता, संयुक्त राष्ट्रसंघ दलित अधिकार प्रस्ताव अनि अन्तर्राष्ट्रिय नागरिक र राजनीतिक अधिकार सन्धिको उल्लंघन हो । दलित आयोग, राष्ट्रिय मानवअधिकार आयोगलगायतका निकायले पीडितलाई न्याय र पीडकलाई कानुनी दायरामा ल्याएर दलित समुदायप्रति राज्यको जवाफदेहिता र न्यायको सन्देश स्थापित गर्नुपर्छ ।

यता घटना सार्वजनिक भएपछि स्थानीय प्रशासनले तीनै जना आरोपीलाई पक्राउ गर्न खोजिए पनि उनीहरू फरार रहेको जनाइएको छ । यस घटनामा स्थानीयवासीले किटानी जाहेरी दिने तयारी गर्दै सामाजिक न्यायको लागि संघर्ष गर्ने चेतावनी दिएका छन् ।

त्यस्तै मधेश प्रदेशसभाका सांसदहरुले आपत्ति जनाएका छन् । उनीहरुले मानवता हराएको काम गर्ने जनप्रतिनिधिलाई कडा कारबाही हुनुपर्ने माग गरेका छन् ।







# मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार ठाकुर हाजिर

**टुडे समाचारदाता**

राजविराज । राजविराजस्थित मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुर बिहीबार कार्यालयमा पुगेर पुनः पदभार ग्रहण गरेका छन् । रजिष्ट्रार ठाकुरलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले बुधबार मधेश प्रदेश सरकारको नाममा आदेश गरेपछि उनी कार्यालयमा हाजिर भएका छन् । न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले छलफलका लागि चैत ११ गते पेशी तारिख तोक्दै रजिष्ट्रार ठाकुरलाई पदमुक्त गर्ने गरी गरिएको निर्णय र सो सम्बन्धी पत्र तत्काल यथास्थितिमा राख्न विश्वविद्यालयका कुलपतिसमेत रहेका मुख्यमन्त्रीसहितका विपक्षीका नाममा आदेश गरेको थियो ।



बिहीबार कार्यालय पुग्दा रजिष्ट्रार ठाकुरलाई उपकुलपति डा. वैधनाथ महतोसहित कर्मचारीले स्वागत गरका थिए । आफूलाई गैरकानुनी तरिकाबाट हटाउन खोजेकाले अदालत गएको र न्यायपालिकाले न्याय गरेको रजिष्ट्रार ठाकुरले बताए ।

यसअघि सर्वोच्चले उपकुलपति महतोलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश गरेको थियो । उपकुलपति महतो र रजिस्ट्रार ठाकुर जसपा नेपालका लालबाबु राउत नेतृत्वको तत्कालीन सरकारले नियुक्त गरेका व्यक्ति हुन् । अहिले जनमत पार्टी नेतृत्वमा मधेश प्रदेश सरकार छ । पदाधिकारी र सरकार नेतृत्वको राजनीतिक लाइन फरक पर्दा विश्वविद्यालय नै पछिल्लो समय अस्तव्यस्त बनेको छ ।

२०८० माघ ८ गते शिलान्यासका लागि विश्वविद्यालयले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि जनमत पार्टी उपकुलपति र रजिस्ट्रारलाई हटाउन छानबिन समिति नै गठन गरेका थिए ।

जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार गठन भएपछि उपकुलपति महतो र रजिस्ट्रार ठाकुरले अनियमितता गरेको भन्दै नीति आयोगका उपाध्यक्ष डा. सोहन साहको नेतृत्वमा छानबिन समिति समेत गठन गरेको थियो । तर सो प्रतिवेदन हालसम्म पनि सार्वजनिक गरिएको छैन ।

# गौर राइस मिल्सको सम्पूर्ण जग्गा अधिग्रहण गर्ने नगरपालिकाको निर्णय

**टुडे समाचारदाता**

रौतहट । लामो समयदेखि विवादित बनेको गौर राइस मिल्सको सम्पूर्ण जग्गा अधिग्रहण गर्ने निर्णय गौर नगरपालिकाले गरेको छ। नगरप्रमुख शम्भु साहले जारी गरेको प्रेस विज्ञप्तिमा विगतमा गौर राइस एण्ड फ्लोर मिल्सका संचालकबाट २ विगहा १५ कठ्ठा जग्गा दानमा लिने र बाँकी सम्पूर्ण जग्गा अधिग्रहण गर्न आवश्यक प्रक्रिया अघि बढाउने घोषणा गरेका छन् ।

विगतमा गौर नगरपालिकाले अधिग्रहणको प्रयास गर्दा विभिन्न अवरोध सिर्जना भएको थियो। तर नागरिक समाज, सर्वदलिय र सर्वपक्षीय बैठकपछि नगरवासीको मागलाई सम्बोधन गर्दै नगरपालिकाले सम्पूर्ण जग्गा अधिग्रहणको प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

नगरप्रमुख साहले नागरिक समाज रौतहटको नेतृत्वमा बुझाइएको ज्ञापन पत्रलाई सम्बोधन गर्दै जनचाहना अनुरूप सम्पूर्ण जग्गा अधिग्रहण गर्ने प्रतिबद्धता जनाएका छन् । नगरवासी तथा खेलाडीहरूको हकहितको रक्षा गर्न नगरपालिकाले यो निर्णय लिएको उल्लेख गरिएको छ ।

नागरिक समाजका अध्यक्ष जगन्नाथ प्रसाद केसरीले नगरप्रमुख साहको निर्णयको



स्वागत गर्दै यस कार्यमा सबै सरोकारवाला पक्षलाई सहकार्य गर्न आग्रह गरेका छन् । उनले नगरवासीको हितमा भएको यस निर्णयको प्रशंसा गर्दै नगरप्रमुख साहलाई धन्यवाद दिएका छन् ।

उक्त कार्यक्रममा गौर नगरका पूर्व नगरप्रमुख तथा निवर्तमान प्रदेशसभा सदस्य बाबुलाल साह, नेकपा एसका नेता रेबन्त झा लगायतका नेताहरूको उपस्थिति रहेको थियो। अब नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी जग्गा अधिग्रहण कार्यलाई छिट्टै सम्पन्न गर्ने अपेक्षा गरिएको छ ।

# महङ्गी नियन्त्रण गर्न सरकार प्रतिबद्ध छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले महङ्गी नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरुले सोधेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले आम नागरिकको दैनिक जीवनसँग जोडिएका उपभोग्य एवं प्रयोगमा आउने सामग्रीको सहज र सुलभ आपूर्ति व्यवस्थापनका लागि बजार अनुगमनलाई नियमित रूपमा सञ्चालन गरिएको बताउनुभयो ।


प्रधानमन्त्री ओलीले दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्य वस्तुको आपूर्तिको व्यवस्था मिलाइएको जानकारी दिँदै भन्नुभयो, "बजारमा कृत्रिम अभाव सृजना गर्नेलाई कारबाही गर्न बजार अनुगमन समितिलाई सक्रिय बनाइएको छ । यसले मूल्यवृद्धि नियन्त्रणमा सहयोग पुऱ्याएको छ । उपभोक्ता अधिकारको संरक्षण एवं न्यायिक निरूपणका लागि भर्खरै उपभोक्ता अदालत स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।"

'बढ्दो महङ्गी नियन्त्रण गर' नारा सधैँ लोकप्रिय हुने, महङ्गी घटिरहेका बेलामा पनि त्यो नारा चाहिँ लोकप्रिय नै रहने उल्लेख गर्दै प्रधानमन्त्रीले यस्ता कुरालाई प्रश्नमार्फत लोकप्रिय बनाउन नहुने बरु तुलनात्मक अध्ययन गरेर नागरिक जीवनमा सहजता ल्याउनपर्नेमा जोड दिनुभयो । तुलनात्मक रुपमा अघिल्लो आर्थिक वर्षभन्दा मुद्रास्फीति चालु आवमा कम रहेको उहाँको अभिमत थियो ।

"चालु आर्थिक वर्षको सात महिनामा औसत उपभोक्ता मुद्रास्फीति ४.१६ प्रतिशत रहेको छ जबकि, अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ५.०१ प्रतिशत थियो", उहाँले भन्नुभयो, "चालु आवका लागि सजगतापूर्ण ढङ्गले लचिलो मौद्रिक नीतिमार्फत मुद्रास्फीति घटाउने कार्यदिशालाई निरन्तरता दिइएको छ ।"

सरकारले अनिवार्य नगद अनुपात र बैङ्क दरलाई समायोजन गरिएको जानकारी दिँदै उहाँले अत्यावश्यक वस्तुहरूको भन्सार दर घटाउने तथा महङ्गीमा प्रत्यक्ष असर गर्ने वस्तुहरूमा कर छुट प्रदान गर्ने नीतिलाई सरकारले निरन्तरता दिने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले कृषि उत्पादन वृद्धिका लागि अनुदान र सहुलियत ऋण प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने बताउँदै यसबाट खाद्य आपूर्तिमा स्थिरता, कृषि उत्पादनमा वृद्धि, कृषि उत्पादनको आयात व्यवस्थापन साथै मूल्य स्थिरता कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।



फरक प्रसङ्गमा प्रधानमन्त्री ओलीले जलनपीडितहरुको उपचार र पुनःस्थापनाका सम्बन्धमा सरकार संवेदनशील रहेको, तेजाब र अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ ले यस सम्बन्धमा पर्याप्त व्यवस्था गरेको जानकारी दिनुभयो । उहाँले जलनपीडितहरुको उपचार, पुनःस्थापना तथा अधिकार सम्बन्धमा संसद्मा दर्ता भएको निजी विधेयकका प्रावधानका सम्बन्धमा सदन वा सम्बन्धित समितिमा हुने छलफलमा सरकारले आफ्नो धारणा प्रस्तुत गर्ने बताउनुभयो ।

**थारु, मुस्लिमलगायत समुदायको आरक्षणको माग सम्बोधन हुन्छ**

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्घीय निजामती सेवा ऐन जारी भएपश्चात् थारु, मुस्लिमलगायतका अन्य पक्षको आरक्षणका विषय सम्बोधन हुने बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा 'प्रधानमन्त्रीसँग प्रश्नोत्तर' कार्यक्रममा प्रश्नकर्ता सांसद बिनाकुमारी थनैतले थारु समुदायलाई छुट्टै वर्गका रुपमा आरक्षणको व्यवस्था नगरिएको र निजामती सेवा ऐन जारी गर्न भइरहेको ढिलाइबारे प्रश्न गर्नुभएको थियो ।

प्रधानमन्त्री ओलीले सांसद थनैतको प्रश्नको जवाफ दिँदै सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० पारित भएर ऐन जारी भएपश्चात् थारु, मुस्लिम लगायतका अन्य पक्षको आरक्षण लगायतका विषय सम्बोधन हुने बताउनुभयो ।

"उक्त विधेयक माथि अहिले संसद्को राज्य व्यवस्था समितिमा दफावार छलफल भइरहेको छ । निजामती सेवा ऐनमासमेत थारु समुदायलाई आदिवासी समुदायमा राखी आरक्षणको अवसर प्रदान गरिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो । वर्तमान सरकार गठन भएपश्चात् मन्त्रिपरिषद्बाट विभिन्न सार्वजनिक पदमा नियुक्ति गर्ने क्रममा समावेशी सिद्धान्तलाई अवलम्बन गरिएको उहाँले सांसदहरुलाई जानकारी दिनुभयो ।'मातृशिशु स्वास्थ्य कार्यक्रम सबल बनाउने सङ्घ, प्रदेश र स्थानीय अस्पतालमा विविध कार्यक्रम सञ्चालन'

प्रधानमन्त्री केपी शर्मा ओलीले मातृशिशुको स्वास्थ्य अवस्था सुधार गर्न सरकारले सङ्घ, प्रदेश र स्थानीय तहका अस्पताल एवं स्वास्थ्य संस्थाहरूबाट विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफमा प्रधानमन्त्रीले लुम्बिनी प्रदेशमा सुविधासम्पन्न 'बर्थिङ' हस्पिटल निर्माण गर्नका लागि नेपाल सरकार, थाइल्याण्ड अन्तरराष्ट्रिय सहयोग नियोग र युएनएफपिए नेपालको सहकार्यमा सम्भाव्यता अध्ययन भइरहेको जानकारी दिनुभयो ।

**गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको दिगो सञ्चालन**

प्रधानमन्त्रीले भन्नुभयो, "लुम्बिनी क्षेत्रको अपार धार्मिक एवं पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दै सन् १९७८ मा डिजाइन स्वीकृत भएको लुम्बिनी गुरुयोजनाअनुसार निर्माण कार्यहरू भइरहेको छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको दिगो सञ्चालनका लागि सरकारले सम्बद्ध निकायहरूसँग छलफल गरी कार्ययोजना बनाई कार्यान्वयन गरिरहेको छ । यात्रु सेवा शुल्कमा छुट, ग्राउन्ड ह्यान्डलिङ, ल्यान्डिङ, पार्किङ एन्ड नेभिगेसन शुल्कमा छुटजस्ता सहुलियत एवं प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ ।"

हाल अलजजिरा, फ्लाई दुबई, एयर एसिया र नेपाल एयरलाइन्सले उक्त विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालन गरिरहेका, श्रम तथा रोजगार कार्यालय बुटवलबाट श्रम स्वीकृति प्रदान गर्न सुरु भएको, अध्यागमन, मुद्रा सटहीलगायत बैङ्किङ सुविधा विमानस्थलमा नै प्रदान गर्ने व्यवस्था मिलाइएको र भविष्यमा उक्त विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी काम भइरहेको प्रधानमन्त्रीले जानकारी दिनुभयो ।

त्यसअघि प्रधानमन्त्री ओलीले कृषि उत्पादनलाई प्रोत्साहन गर्न धान, गहुँ र उखु बालीको न्यूनतम समर्थन मूल्य तोक्ने गरिएको, कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भरतातर्फ उन्मुख हुन कृषि आधुनिकीकरण परियोजनालाई थप परिमार्जनसहित अघि बढाउन गृहकार्य भइरहेको बताउनुभएको थियो ।

उहाँले उपभोगमुखी आयात, न्यून निर्यात क्षमता तथा उच्च व्यापार घाटालाई नियन्त्रण गर्न सरकारले गरेका यी प्रयासहरूको नतिजास्वरुप यस अवधिमा कुल निर्यातमा वृद्धि भएको तथा निर्यात-आयात अनुपातमा सुधार भएको बताउँदै कृषि तथा औद्योगिक नदी करिडोर घोषणासम्बन्धी दिनुभएको सुझावप्रति आभार व्यक्त गर्दै मोरङ र सुनसरीका केशलिया नदी, बूढीखोला, सिङ्गिया र लोहान्द्र नदीमा आउने बाढीका कारण प्रत्येक वर्ष ठूलो धनजनको क्षति भएकाले त्यसबाट बचाउन जापान सरकारको प्राविधिक सहयोगमा जापानी विज्ञसहितको टोलीले अध्ययन गरिरहेको बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "अध्ययनपश्चात् ती खोलाहरूको एकीकृत नदी व्यवस्थापन कार्य अगाडि बढाइनेछ । साथै कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजनाले लोहान्द्र नदीमा र अन्य विपद् प्रभावित क्षेत्रहरूमा समेत नदी नियन्त्रण एवं विपद् प्रभावित क्षेत्रको बचावट कार्य भइरहेको छ । सबै निर्वाचन क्षेत्रमा आवश्यकता र मागका आधारमा योजना तथा कार्यक्रमहरू छनोट गरी आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न सम्बन्धित मन्त्रालयहरूले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय एवं गृहकार्य गरिरहेका छन् ।"रासस

# 'दाँत तथा मुख स्वस्थ राख्न १० मिनेट छुट्याउँ'



काठमाण्डु । मार्च २०, 'स्वस्थ मुखः सकारात्मक सोच' भन्ने नाराका साथ विश्वभर मुख स्वास्थ्य दिवस २०२५ मनाइँदैछ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले मुख स्वास्थ्यलाई मुख एवं अनुहारको दुखाइ, मुख तथा घाँटीको क्यान्सर, मुखको सङ्क्रमण, जन्मदै तालु तथा ओठ चिरेको (खुँडे), गिँजासम्बन्धी रोग, दाँत किराले खाने तथा झर्ने, दाँतमा प्वाल पर्ने तथा अन्य मुखसम्बन्धी रोगबाट मुक्त हुने अवस्थाको रुपमा व्याख्या गरेको छ ।

नेपालमा दाँत किराले खाने, गिँजाबाट रगत आउने, गिँजा फुल्ने र पाक्ने, दाँत हल्लिने समस्या अधिकांशमा देखिन्छ । चिनीको खपत, सुर्ती, रक्सीको प्रयोग र सरसफाइको कमी मुखसम्बन्धी स्वास्थ्य समस्याका मुख्य कारक रहेको डब्लुएचओको भनाइ छ ।

दन्त विशेषज्ञसमेत रहनुभएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकी दाँतको तथा मुखको स्वास्थ रह्यो भने ९० देखि ९५ प्रतिशत समस्याहरु रोकथाम गर्न सकिने बताउनुहुन्छ । उहाँका अनुसार दाँत तथा मुख सफा राख्न सकियो भने दाँत किराले खाने समस्या, गिँजाको समस्या, मुखमा आउने घाउ-खटिरा, मुखको क्यान्सर, दाँत खिएर जाने समस्या हुनबाट जोगिन्छ ।

डा बुढाथोकी भन्नुहुन्छ, "दाँत तथा मुख शरीरको प्रवेशद्वार हो । मुख स्वास्थ भएन भने त्यसबाट खाइएका चिजहरु शरीरमा फोहोरकै रुपमा जाने हुन्छन् । मुख शरीरको ऐना पनि हो । मुखमा देखिने समस्या तथा घाउखटिरा दाँत तथा मुखसम्बन्धी कारणहरु हुन सक्छन् वा शरीरमा भएका कुनै रोगहरुको प्रतिबिम्बको रुपमा देखिने गर्दछ ।"

विज्ञकाअनुसार दाँत तथा मुखको समस्या समयमै निदान गर्न सकियो भने उपचारमा कम लागत र जटिलता पनि धेरै निम्तिँदैन । डा बुढोथोकीले दाँत तथा मुखको समस्या हुँदा मधुमेह, श्वासप्रश्वासका समस्या, मष्तिष्कमा असर तथा गर्भवतीको पेटमा हुर्किरहेको बच्चाको वृद्धिविकासमा पनि समस्या देखिन सक्ने बताउनुहुन्छ ।

मुख स्वास्थ राख्न प्रत्येक दिन कमसेकम दुई पटक फ्लोराइडयुक्त मन्जनले दाँत माझ्ने र एक पटक डेन्टल फ्लससले सफा गर्ने, गुलियो खानेकुरा कम खाने, खाना खाइसकेपछि र गुलियो खानेकुरा खाएपछि सफा पानीले मुख कुल्ला गर्ने, सूर्तीजन्य पदार्थ तथा मदिरा सेवन नगर्ने, मौसम अनुसारको फलफूल तथा सागसब्जी खाने, मुखमा कुनै समस्या देखिएमा आफै जथाभावी औषधि सेवन नगर्ने र मुख स्वास्थ्यलाई राम्रो बनाउन ६-६ महिनामा दाँत परीक्षण गराउनुपर्ने विज्ञको सुझाव छ ।

"बिहान खाना खाइसकेपछि पाँच मिनेट र राति सुत्नुअघि पाँच मिनेट दाँतलाई मजाले सफा गरियो भने दाँत तथा मुखका धेरै समस्याबाट बच्न सकिन्छ । यसलाई नियमित जीवनशैलीको रुपमै अपनाउनुपर्छ", डा बुढाथोकीले भन्नुभयो ।रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ । |
| वृष : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ । महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| मिथुन : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । |
| कर्कट : | रमाइलो यात्राको अवसर जुट्न सक्छ । |
| सिंह : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ । |
| कन्या : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ । |
| तुला : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| वृश्चिक : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । |
| धनु : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ । |
| मकर : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । |
| कुम्भ : | अध्ययन अध्यापनमा प्रगति हुनेछ । |
| मीन : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ । |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## प्रतिनिधिसभा शून्य समयः

# जातीय विभेद अन्त्य हुनुपर्नेमा जोड



काठमाण्डु । सांसदहरूले जातीय विभेदका घटना, आगलागी, बाढीपहिरोको जोखिम, निर्माण सामग्रीको मूल्यवृद्धि नियन्त्रण, कृषिमलको व्यवस्थापनलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभामा विहिबारको बैठकको शून्य समयमा सांसद बिना लामाले विगत दुई सातादेखि फलामे डण्डीको अस्वभाविक मूल्यवृद्धि भएको तथा सिथिल आर्थिक अवस्थालाई जागृत गराउनुपर्नेमा निर्माणको मुख्य सिजनमा यसकार्यले समग्र निर्माण क्षेत्र प्रभावित भएको बताउनुभयो । उहाँले डण्डीमा भएको मूल्यवृद्धिको छानबिन गरी अस्वभागिक मूल्यवृद्धि गर्नेमाथि कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद लामाले सिमेन्टमा पनि अत्याधिक मूल्यवृद्धि गरिएको भन्दै नियन्त्रणको माग गर्नुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले देशका युवाशक्ति नेपालको उज्ज्वल भविष्य भए पनि हरेक वर्ष हजारौँको सङ्ख्यामा रोजगारीका लागि विदेशिनुपर्ने अवस्था रहेको भन्दै युवा पलायन रोक्न र प्रभावकारी नीति अवलम्बन गर्न सरकारसमक्ष माग गर्नुभयो । सांसद सन्तोष चालिसेले काठमाडौँका धेरै सडकमा अत्याधिक ट्राफिक जामका कारण नागरिकले सास्ती पाइरहेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सुन्दरीजलबाट बाग्मती करिडोर खोलेर गुहेश्वरीसम्म आएको तथा नेपाल ट्रस्टको एक सय मिटर पर्खाल भत्काउन नसक्दा गुहेश्वरीदेखि तिलगङ्गासम्मको ट्र्याक बन्द भएको भन्दै चाँडै समस्या समाधान गर्न आग्रह गर्नुभयो । सांसद विनिताकुमारी सिंहले जनता आवास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा सिरहामा चार सय ८८ घर निर्माणका लागि सम्झौता भएको र उक्त घर निर्माणका लागि पहिलो किस्ताको रकम मात्रै दिइएको र बाँकी किस्ता वितरण नहुँदा पीडित खुला आकाशमुनी बस्न बाध्य बनेको भन्दै अभिलम्ब बाँकी किस्ता रकम उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद शक्तिबहादुर बस्नेतले सिरहाको औरही गाउँपालिकामा भएको जातीय विभेदसम्बन्धी घटनाको निन्दा गर्दै छानबिन गरी दोषी उपर कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्नुभयो । सांसद शान्ति विकले शुक्रबार २१ मार्च अन्तरराष्ट्रिय रङ्गभेद उन्मूलन दिवस मनाउने सन्दभए चलिरहँदा सिराहा औरहीको घटनाले निकै मर्माहत तुल्याएको भन्दै घटनामा संलग्नलाई अभिलम्ब कारबाहीको माग गर्नुभयो । उहाँले संविधानको धारा १६, १७, १८, २० र २४ लाई कार्यान्वयनमा लैजान सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सन्तोष परियारले सिरहाको औरही गाउँपालिका-५ का दीपक मरीको परिवारमाथि घटेको जातीय विभेदको घटनाले अन्तरराष्ट्रिय मानव अधिकारप्रतिको प्रतिबद्धता र कानुनी व्यवस्थाको खिल्ली उडाएको भन्दै घटनाको तत्काल छानबिन गरी दोषीलाई कारबाही गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सान्ती चौधरीले २१औँ सताब्दीमा पनि जातीय विभेदका घटना घटिरहनु र सङ्घीय राजधानीमा समेत यस्ता घटना हुनु दुःखद रहेको भन्दै विभेद उन्मूलनका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुशीला सिर्पाली ठकुरीले सिरहाको औरही घटनाको घोर निन्दा र भर्त्सना गर्दै दोषीलाई कारबाही र पीडितलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद हर्कमाया विश्वकर्माले रङ्गभेद उन्मूलन दिवस मनाइरहँदा दलित समुदायले विभिन्न विभेदका घटना भोग्नु परिरहेको भन्दै सिरहाको औरही गाउँपालिकामा भएको घटनाको निन्दा गर्दै घटनामा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसमक्ष माग गर्नुभयो ।

> सांसद हर्कमाया विश्वकर्माले रङ्गभेद उन्मूलन दिवस मनाइरहँदा दलित समुदायले विभिन्न विभेदका घटना भोग्नु परिरहेको भन्दै सिरहाको औरही गाउँपालिकामा भएको घटनाको निन्दा गर्दै घटनामा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसमक्ष माग गर्नुभयो ।

सांसद शिव नेपालीले खेलाडीको संरक्षणका लागि सरकारले विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले राष्ट्रिय लिग पुनः सञ्चालन गर्न र फुटबल खेललाई व्यावसायिक र दीर्घकालीन बनाउने नीति ल्याउन माग गर्नुभयो ।

सांसद शोभा ज्ञवालीले देशमा दलीय व्यवस्थाप्रति वितृष्णा फैलाउने काम भइरेको भन्दै लोकतन्त्र कसैको निगाहबाट नभइ जनताको सङ्घर्ष र बलिदानबाट प्राप्त भएकाले यसको विकल्पका रूपमा राजतन्त्रको सपना नदेख्न सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो ।

सांसद सरस्वती सुब्बाले संस्थागत रूपमा राजतन्त्र अन्त्य भइसकेको अवस्थामा फेरि राजा फर्काउने कुरा संविधानविपरीत रहेको भन्दै कसैलाई राजा नै चाहिने भए आगामी २०८४ को निर्वाचनमार्फत जनमत लिएर आउनसम्बन्धित पक्षलाई आग्रह गर्नुभयो ।

सांसद सहराज अहमद फारुकीले नेपालकै पुरानामध्येको कपिलवस्तुको शिवराज अस्पतालमा चिकित्सकलगायत जनशक्ति नहुँदा त्यस क्षेत्रका जनताले सास्ती बेहोर्नुपरेको भन्दै जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउन माग गर्नुभयो । सांसद सरिता भुसालले पश्चिम नवलपरासीको भारतीय सिमासँग जोडिएका पाल्हीनन्दन, सरावल गाउँपालिका भ्ररही, धनेरालगायत स्थानमा लामो समयदेखि बाढी तथा डुबानले सास्ती बेहोर्नुपरेका भन्दै दिगो तटबन्धन गरी नागरिकलाई सुरक्षित गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सीताकुमारी रानाले कारागारमा रहेका कैदीबन्दीको सेवा सुविधा निरन्तरताको सुनिश्चित गर्न माग गर्नुभयो । सांसद सुदन किरातीले यही चैत ४ गते हावाहुरीका कारण भोजपुरका विभिन्न क्षेत्रमा आगलागी हुँदा १९ घर जलेर नस्ट भएकाले नागरिक घरबारविहीन भएका भन्दै पीडितलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो ।

सांसद सुनिता बरालले नेपालमा सडक दुर्घटना गम्भीर समस्या बनेको तथ्याङ्क प्रस्तुत गर्दै सडक दुर्घटना न्यूनीकरणका लागि पहलकदमी लिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुरेन्द्रराज आचार्यले गर्मीयाम सुरु भएसँगै हरेक वर्ष लाग्ने आगलागी र डढेलोका कारण गाउँबस्ती, वन पैदावार तथा वन्यजन्तुको विनाश भइरहेको भन्दै आगलागी नियन्त्रणको प्रभावकारी व्यवस्था गर्न माग गर्नुभयो । साथै उहाँले केही दिनअघि कपिलवस्तुको बुद्धभूमि-७ मा आगलागी हुँदा सात घर जलेर नस्ट भएका भन्दै पीडितलाई राहत र बसोबासको व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभयो ।

सांसद सुहाङ नेम्वाङले इलामका चुलाचुली माइ, देउमाइलगायत क्षेत्रका विद्यालयमा उचित कक्षाकोठा, पुस्तकालय र आधुनिक प्रविधिको अभाव रहेकाले विद्यार्थीको सिकाइमा गम्भीर असर परेको भन्दै शैक्षिक केन्द्रको विकास, पूर्वाधार निर्माण, आधुनिक पाठ्यक्रम सुधार र गुणस्तरीय उच्च शिक्षाको प्रबन्ध गर्न आग्रह गर्नुभयो ।

सांसद सूर्यप्रसाद ढकालले राप्ती सुनाहरीलगायत क्षेत्रमा डुबानको समस्या समाधान गर्न बर्खा सुरु नहुँदै तटबन्धनको व्यवस्था गर्न माग गर्नुभयो । सांसद सूर्यबहादुर क्षेत्रीले असुरक्षित बसोबासी, बाढीपहिरोबाट पीडित नागरिकलाई राहत दिन, सुरक्षित आवास निर्माण गर्नका लागि प्यूठानमा दुई हजार तीन सय २७ जनाको सिफारिस गरिएकामा यस वर्ष चार सय ४५ मात्रै समेटिएको भन्दै प्रभावित सबै नागरिकलाई सुक्षित आवास कार्यक्रममा जोड्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुभयो ।

सांसद सूर्यमान तामाङ दोङले काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछापलगायत जिल्लामा गत असोजको बाढीपहिरोले क्षतिग्रस्त रहेको र त्यस क्षेत्रमा खेतीको समयमा कृषि मलको अभाव रहेको भन्दै समयमै समस्याको समाधान गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सांसद सोविता गौतमले कागेश्वरी मनोहरा नगरपालि- ८ मा तीन वर्षअघि गएको पहिरोले सडक किनारका घर जोखिममा परेको बाटो अहिलेसम्म मर्मत नभएको भन्दै जोखिममा रहेका घरको संरक्षण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।सांसद सञ्जयकुमार गौतमले स्व गिरिजाप्रसाद कोइरालाको १५औँ स्मृति दिवसको उपलक्षमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाँले विस २०७२ को बाढीले बर्दियाको विभिन्न क्षेत्रमा क्षति पुगेको, धेरै सङ्ख्यामा घर डुबानमा परेको र परिवार विस्थापित भएको भन्दै बबै नदि किनारमा तटबन्दनको कामसम्बन्धी आयोजनाको डिपिआर बनिसकेको अवस्थामा आयोजनाको कामलाई चाँडो अघि बढाउन सरकार समक्ष माग गर्नुभयो ।

सांसद हितबहादुर तामाङले गत साउन ९ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परी मृत्युहुने १८ जनामध्ये तीन जना आफन्त गुमाएका प्रकाश खतिवडाले बारम्बार घटनाबारे जिज्ञाशा राख्दा पनि कुनै जवाफ नपाएको भन्दै उक्त दुर्घटनाको सत्यतथ्य बाहिर ल्याउन र पीडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो । सांसद हितराज पाण्डेले १२ सय मेघावाट क्षमताको जलासययुक्त बूढीगण्डकी आयोजनाको निर्माण अझै सुरु हुन नसकेकाले त्यस क्षेत्रका जनतामा निराशा उत्पन्न भएको भन्दै उक्त आयोजना आगामी आर्थिक वर्षदेखि निर्माण अगाडि बढाउन सरकारसमक्ष माग गर्नुभयो ।

सांसद हेमराज राईले भोजपुरको उत्तरी साल्पा सिलिचोक जोड्ने सडकमार्ग बजेट अभावले अलपत्र परेको र जनताले निकै शास्ती बेहोरेको भन्दै जिल्लाको उत्तर-दक्षिण जोड्ने सडक चाँडो सम्पन्न गर्न, जिल्लामा ट्रमा सेन्टर स्थापना गर्न र कात्तिकेघाट, सतीघाट र अँधेरीघाटमा पक्की पुल निर्माण गर्न सरकारसमक्ष माग गर्नुभयो ।

सांसद हृदयराम थानीले देशको कुल जनसङ्ख्याको ९८ प्रतिशतमा विद्युत् पहुँच पुगेको भनिए पनि कर्णाली प्रदेशका ५७ प्रतिशत घरधुरीमा मात्र विद्युत्को पहुँच पुगेको तथा कर्णालीका १० जिल्लामा अझै विद्युत् नपुगेको भन्दै त्यहाँ विद्युत्को पहुँच सुनिश्चित गर्न माग गर्नुभयो । सांसद ज्ञानबहादुर शाहीले विगत ३८ दिनदेखि धनुषाको सबैला नगरपालिकाका- ११ का वडाध्यक्ष सुशासनको अनशनमा रहेको भन्दै उहाँको जीवन रक्षाको माग गर्नुभयो । सांसद ज्ञानु बस्नेतले मुलुकलाई लोडसेडिङको अवस्थामा लैजान नहुने धारणा राख्नुभयो ।रासस

# एसईई परीक्षामा अमर्यादित क्रियाकलापको पुनरावृत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । एसएलसीदेखि नै परम्परागत रुपमा हुँदै आएको हालको एसईई परीक्षामा पनि सोही प्रवृत्ति पुनरावृत्ति भएको छ ।

बिहीबारदेखि शुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को पहिलो दिन अंग्रेजी विषय सम्पन्न भए पनि अमर्यादित क्रियाकलापसमेत देखिएको छ ।

जारी एसईईको क्रममा चिट चोरी, प्रश्नपत्र बाहिरिनु, परीक्षा केन्द्र बाहिर अभिभावकको भीड, मोवाइल कब्जा गर्नु, केन्द्राध्यक्षलगायतका कारबाही हुनु जस्ता घटनाको पुनरावृत्ति यसपटक पनि देखिएको छ ।

परीक्षा शुरु भएको १ घण्टाभित्र नै धनुषाको एक परीक्षा केन्द्रबाट अंग्रेजी विषयको प्रश्नपत्र समाजिक सञ्जालमा छताछुल्ल भएको थियो । 'आरई १०११ एमपी' कोड गरिएको प्रश्नपत्र परीक्षा समयमै बाहिरिएको थियो । तर धनुषाका प्रमुख जिल्ला अधिकारी(प्रजिअ) रामुराज कडरियाले भने प्रश्नपत्र कुन जिल्लाबाट बाहिरिएको यकिन हुन नसकेको प्रतिक्रिया दिए ।

उनले प्रश्नपत्र बाहिरिएको विषयमा शिक्षा मन्त्रालय र जिल्ला शिक्षा समन्वय समितिमा रिर्पोटिङ गरिसकिएको स्पष्ट पारे ।

उनले एसईई परीक्षा मर्यादित बनाउनका लागि सुरक्षाकर्मी र कर्मचारीको १० वटा छुट्टै टोली परिचालन गरिएको बताए ।

त्यस्तै रौतहटको मौलापुर-६ स्थित माध्यमिक विद्यालय परीक्षा केन्द्रमा काँडेतार लगाइएको पर्खालमा चढेर पहिलो तलाको झ्यालबाट चिट पुर्‍याइएको भिडियो बाहिरिएको छ ।

त्यस्तै महोत्तरीको औरहीस्थित एक परीक्षा केन्द्रमा नजिकै रहेको घरको छत हुँदै विद्यालयको भवनको बार्दलीमा पुगेर झ्यालबाट चिट पुर्‍याइएको भिडियो सामाजिक संजालमा छताछुल्ल भइरहेको छ ।

त्यस्तै अधिकांश परीक्षा केन्द्रमा परीक्षार्थीले आफैसंग लगेका सयौँ थान मोवाइल केन्द्राध्यक्षले नियन्त्रणमा लिई जफत गरिएको छ ।

त्यस्तै सप्तरीमा एसईई परीक्षामा मर्यादाविपरीत कार्य गर्ने दुई केन्द्राध्यक्षसहित २६ जना कारबाहीमा परेका छन् । सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाल नेतृत्वमा खटिएको अनुगमन टोलीले उनीहरुलाई कारबाही गरेको छ ।

प्रजिअ दाहालले जनता माध्यमिक विद्यालय इटहरी विष्णुपुरका केन्द्राध्यक्षसहित ८ र महावीर माध्यमिक विद्यालय हनुमाननगरका केन्द्राध्यक्षसहित १८ जनालाई कारबाही गर्न शिक्षा विकास तथा समन्वय इकाइमा पठाइसकेको बताए ।

# नीतिगत सुधारबाट साना जलविद्युत् आयोजनाका समस्या समाधान हुने



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नीतिगत सुधार गरेर साना जलविद्युत् आयोजनाका समस्या समाधान गरिने बताउनुभएको छ ।

'ग्रिन इनर्जी आन्टरप्रेनर नेपाल'ले विहिबार आयोजना गरेको 'साना जलविद्युत् आयोजनाहरुको दिगो सञ्चालनसम्बन्धी देखिएका चुनौती' विषयक कार्यक्रममा मन्त्री खड्काले साना जलविद्युत् आयोजनाका समस्या समाधान गर्न नीतिगत सुधार गरिने बताउनुभयो ।

"साना जलविद्युत् आयोजनाका समस्या एकै ठाउँमा राखेर छलफल गरौँ, के-के संशोधन गर्नुपर्ने छ, समस्या समाधान गर्न मन्त्रालय तयार छ," उहाँले भन्नुभयो । ऊर्जा क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्र सहकार्य गरेर अगाडि बढ्नुपर्ने मन्त्री खड्काको भनाइ थियो । उहाँले साना जलविद्युत् आयोजना सँगसँगै मुलुकको समग्र ऊर्जा क्षेत्रको सुधारका लागि सरकार निजी क्षेत्रसँग मिलेर काम गर्न तयार रहेको उल्लेख गर्नुभयो । संस्थागत रुपमा रहेका तहगत बेतिथि पनि समाधान खोज्दै जानुपर्ने उहाँले बताउनुभयो ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको ऊर्जा विकास मार्गचित्रले निजी क्षेत्रका समस्या समाधान खोजेको मन्त्री खड्काले उल्लेख गर्नुभयो । व्यवसायीलाई परेको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । मन्त्री खड्काले विद्युत् प्राधिकरणले गरेको गल्तीका दोष निजी क्षेत्रमाथि थोपर्न नहुने बताउनुभयो ।

ग्रिन इनर्जी आन्टरप्रेनर नेपालका अध्यक्ष इन्जिनियर सूर्यप्रसाद अधिकारीले साना जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) दर समायोजन गर्न माग गर्नुभयो । उहाँले 'टेक अर पे' (लिउ वा तिर) प्रावधान कार्यान्वयन गर्नुपर्ने र विद्युत् उत्पादनको वैकल्पिक व्यवस्थालाई खारेज गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष अधिकारीले पाँच मेगावाटभन्दा साना जलविद्युत् आयोजनालाई उत्पादन अवधि तोक्न नहुने तथा पाँचदेखि १० मेगावाटसम्मका आयोजनाको उत्पादन अनुमतिपत्रको अवधि ५० वर्ष कायम हुनुपर्ने तथा जलविद्युत् आयोजनाको मर्मतसम्भारका लागि आवश्यक पर्ने पाटपुर्जामा पुरानो नीतिअनुसार एक प्रतिशत भन्सार दर कायम गर्न माग गर्नुभयो ।रासस


## Consultancy Opportunity:
## Interpreter for Leadership Program

THE FREEDOM FUND

**The Freedom Fund**

The Freedom Fund is a global initiative dedicated to ending modern slavery by empowering frontline organizations and communities. Since 2014, we have supported efforts in Nepal to end agricultural bonded labor, leading to the formation of the Harawa-Charawa Rights Forum and the Struggle Committee, which helped secure the government's official liberation of Harawa-Charawa in July 2022. Our work continues with survivor-led advocacy for rehabilitation, economic empowerment, and systemic change. (for detail visit: https://www.freedomfund.org/)

In 2025, we will run a leadership program for survivor-leaders and local partners in Madhesh Province.

**Scope of Consultancy**

The Freedom Fund seeks an experienced interpreter to support the leadership program by:

1. Reviewing curriculum content for clarity and accuracy.
2. Providing interpretation for two Train the Trainer (TOT) workshops (3 days each).
3. Providing interpretation at two residential leadership trainings (4 days each).

**Qualifications & Experience**

- Fluency in Maithili, Nepali, and English with professional interpretation experience.
- Expertise in real-time, culturally sensitive interpretation across diverse settings.
- Commitment to confidentiality, professionalism, and accuracy.

**Desirable:**

- Experience working with grassroots organizations, NGOs, anti-trafficking efforts, and marginalized communities in Nepal.
- Understanding of caste and gender dynamics.

**Project Timeline**

| Task | Days | Timeline |
|---|---|---|
| TOT Workshops | Up to 6 | W/C 4 May & 2 June 2025 |
| Residential Training 1 | 5 | W/C 26 May 2025 |
| Residential Training 2 | 5 | W/C 23 June 2025 |

**Application Process**

Submit proposals by: Monday, 31 March 2025

To: Brahma Deo Ram (bram@freedomfund.org)

Subject: [Interpreter/Leadership Program]

**Proposals must include:**

- Cover letter outlining relevant experience
- Up-to-date CV
- Daily rates

For queries, contact **Brahma Deo Ram, email: bram@freedomfund.org**


## संविधान विपरीतका घटनामा सांसदद्वारा सरकारको ध्यानाकर्षण

काठमाण्डु । सांसद रामहरि खतिवडाले संविधान विपरीत गरिएका घटनामा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा उहाँले गत फागुन ६ गते पूर्वराजा ज्ञानेन्द्र शाहले जारी गरेको वक्तव्यमा शाही निशाना प्रयोग गरी श्री ५ महाराजाधिराज भनी उल्लेख गरिएकामा उहाँले आपत्ति जनाउँदै कारबाहीको माग गर्नुभयो ।

सांसद गोकुलप्रसाद बास्कोटाले काभ्रेको बेथानचोक गाउँपालिका-३ र ५ स्थित महाभारत क्षेत्रमा तीन दिनदेखि आगलागी भइरहेकामा नियन्त्रणको माग गर्नुभयो । माध्यमिक शिक्षा परीक्षा (एसइई) चलिरहेका बेला बिहान कोरीबाटी गरेर हिँडेका विद्यार्थी धुलाम्ये हुने र गाडी लड्ने समस्या भएकाले पानी हालेर समस्या समाधान गर्न माग उहाँले गर्नुभयो ।

सांसद रमा कोइराला पौडेलले यस वर्षको एसइई आजदेखि सुरु भई पाँच लाख १४ हजार विद्यार्थी सहभागी भएको उल्लेख गर्दै शिक्षक महासङ्घका माग पूरा गर्न माग गर्नुभयो ।रासस

# 'कृत्रिम बौद्धिकतासँगै मानवीय विकासलाई जोड दिन आवश्यक छ'



पाटन । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का उपकुलपति प्राध्यापक डा दिलीप सुब्बाले कृतिम बौद्धिकता (एआई) सँगै मानवीय विकासलाई जोड दिन आवश्यक रहेको बताउनुभएको छ ।

नास्टको सञ्चार तथा सूचना प्रविधि (सिआइटी) विषयगत समितिद्वारा आयोजित 'राष्ट्रको विकासमा कृतिम बौद्धिकता' विषयक गोष्ठीमा उहाँले पछिल्लो समय एआई समाजमा दूरगामी प्रभाव पार्ने गरी विकसित हुँदै गएको अवस्थामा आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउन जरूरी रहेको बताउनुभएको हो ।


"एआईले सबै किसिमका उद्योगलाई निकै प्रभाव परिरहेको छ । यसले काममा सहजताका साथै धेरै चुनौती पनि थपिएका छन् । यी सबै पक्षलाई विश्लेषण गर्दै नेपालले एआईको प्रयोगबारे विचार गर्नुपरेको छ । सरकारलाई विज्ञान प्रविधिका क्षेत्रमा सुझाव दिने नास्टको कर्तव्य हो, त्यसमा हामी लागिरहेका छौँ", प्राध्यापक डा सुब्बाले भन्नुभयो ।

नास्टको सिआइटी विषयगत समितिका संयोजक प्राध्यापक डा सुवर्ण शाक्यले यस्ता गोष्ठी, बहस, छलफल र पैरवीका माध्यमबाट एआईको प्रयोगात्मक नीतिलाई ध्यान दिँदै नीतिगत तहमा सहजीकरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले वर्तमान समयमा कृषि, स्वास्थ्यलगायत अन्य क्षेत्रमा समेत कृत्रिम बौद्धिकताको अत्यावश्यक रहेको बताउनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिलकुमार दत्तले एआईसम्बन्धी नीति निर्माणका लागि यस क्षेत्रमा काम गर्ने कम्पनी तथा विज्ञसँग छलफल गरिएको बताउनुभयो । "एआईको प्रयोग बढ्दै छ, यससम्बन्धी नीति निर्माण, एआई केन्द्र स्थापना र यसलाई नियमन गर्न एआई परिषद् स्थापना गर्नेलगायत तयारी भइरहेको छ । नीति बनाउने मात्र नभइ मन्त्रालयले पूर्वाधार निर्माणमासमेत ध्यान दिँदै आएको छ", उहाँले भन्नुभयो ।

सहसचिव दत्तले नास्टलाई एआईले पार्ने नकारात्मक असरसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन र एआईको सही सदुपयोगका लागि पूर्वाधार तयार गर्न सुझाव पेस गर्न आग्रह गर्नुभयो ।

नास्टका सचिव डा रवीन्द्र ढकालले कृत्रिम बौद्धिकतालाई सही प्रयोगका लागि मानवीय बौद्धिकता आवश्यक रहेको बताउनुभयो । उहाँले विश्वले कृत्रिम बौद्धिकताको उपयोग गरिरहेको अवस्थामा यहाँको राष्ट्रिय विकासमा कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा अध्ययन अनुसन्धान आवश्यक रहेको बताउनुभयो । सचिव डा ढकालले प्राज्ञिक क्षेत्रमा भइरहेको बहसलाई मूलप्रवाहमा ल्याएर सरकारसम्म पुर्‍याउने उद्देश्यका साथ गोष्ठी आयोजना गरिएको बताउनुभयो । नास्टले बहस, छलफल तथा पैरवी गर्नका लागि विभिन्न ११ वटा समिति गठन गरेको उहाँले जानकारी दिनुभयो।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कमिसनखोर मन्त्री खेदिँदै

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर ८ को सुसौला सडकको स्तरोन्नतिका लागि ५० लाख रकम विनियोजन गरिएको छ । सो रकमबाट करिब पौने तीन सय मिटर सडक ढलान हुने इस्टिमेट गरिएको छ । योजना रामगोपालपुर नपाको भए पनि मन्त्रीलाई अग्रीम कमिसन बुझाएर काम खरिद गर्ने ठेकदारलाई स्थानीयले चिन्दैनन् । उपभोक्ता समितिमार्फत भइरहेको भनिएको सो कामका लागि कागजमा उपभोक्ता समिति गठन भए पनि ठेकेदार स्वयंले गरिरहेको छ । सो योजनाको शिलान्यास गर्न पुगेका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवलाई स्थानीयले अवरोध गर्दै खेदे । सयौं सुरक्षाकर्मीको घेरामा बसेर मन्त्रीले केही मिनेटमै शिलान्यासको औपचारिकता पूरा गरी भाग्नु पर्यो । शिलान्यास स्थल अत्यन्त तनावपूर्ण बनेको थियो । ढुंगामुढा समेत भयो । ठेकेदारको निर्माण सामग्री बोकेको टिपरको शिशा फुटाएर क्षतिग्रस्त बनाइयो । तर पनि ठेकेदारले काम गर्नुपर्ने बाध्यता रहेको बताए । उनले अग्रीम दस लाख रुपैयाँ बुझाएर योजना हात पारेका छन् । नगरपालिका, प्राविधिक ,उपभोक्ता समितिलाई कमिसन दिँदै ३० प्रतिशतभन्दा बढी खर्च हुने बताउने ठेकेदारले कामै नगरी फर्किदा तत्काल १५ लाखको क्षति हुने पीडा सुनाउने गरेका छन् । हरेक ठाउँमा कमिसन अग्रीम नै बुझाउनुपर्ने स्थिति रहेकाले समस्या झन् बल्झेको ठेकेदारको कथन छ । झन् शिलान्यासमा नै विवाद हुँदा काम पनि मापदण्ड अनुसार नै गर्नुपर्ने बाध्यता भएको छ । यो सबैको जडो मन्त्रीले अग्रीम रकम लिएर योजना बेच्नु नै हो । माओवादीका तत्कालीन अर्थमन्त्री भरत साहले राखेको सो योजना भौतिक मन्त्री यादवले बेचेपछि विवाद झन् चर्किएको छ । विधि अनुसार योजनाको लागि उपभोक्ता समिति गठन गर्न पूर्वाधार विकास कार्यालयले सोझै वडा कार्यालयलाई पत्राचार गरेको भए यो स्थिति सृजना हुने थिएन । योजना दिएको भ्रम फैलाउन मन्त्री आफै पुगेर शिलान्यास गर्दा भाग्नु परेको स्थितिबाट मधेश प्रदेश सरकारका अन्य मन्त्रीहरुले समेत पाठ सिक्न आवश्यक छ । कमिसनखोर मन्त्री खेदिने मात्र होइन, अन्य अप्रिय स्थिति समेत सृजना हुने देखिएको छ । सयौं प्रहरी घटनास्थलमा नरहेको भए मन्त्रीमाथि समेत भौतिक आक्रमण हुने निश्चित थियो । कमिसनखोर मन्त्रीहरुलाई सुरक्षाकर्मीले यसरी सुरक्षा दिइरहे जनतामा झन् आक्रोश बढ्ने छ । सत्ता परिवर्तनको भन्दा देशमा व्यवस्था परिवर्तनका लागि उठेको आवाजलाई कमिसनखोर मन्त्रीहरुले झन् मलजल गरिरहेका छन् । बढ्दो कमिसनखोरी र भ्रष्टाचारले जनआक्रोश बढाएको छ । अर्कोतर्फ देशमा कुनै बेला राजतन्त्र र गणतन्त्रवादीहरुबीच मुठभेड हुन सक्ने सम्भावना बढेको छ । गणतन्त्र र संघीयता विरोधीहरुले मन्त्री र उनीहरुका कारिन्दाद्वारा भइरहेको भ्रष्टाचारलाई नै प्रमुख मुद्दा बनाएका छन् । तर सत्तामा रहेका एमालेका मन्त्रीहरु कमिसन र घुसखोरी छाड्न तयार छैन । उनीहरुको कारण निम्तिन लागेको दुर्घटनाको जिम्मेवार पनि उनीहरु नै हुने छन् ।

# राजतन्त्रको विरासत र गणतन्त्रको परीक्षा



धिरेन्द्र सापकोटा

नेपालको शासन इतिहास एउटा जटिल ऐतिहासिक सिलसिला हो, जहाँ राजतन्त्रको गर्विलो सुरुवातदेखि गणतन्त्रको अनिश्चित यात्रासम्मका रङ पोतिएका छन् । पृथ्वीनारायण शाहले १८औँ शताब्दीमा स-साना राज्यहरूलाई एकीकृत गरेर बनाएको यो देश दुई सय ४० वर्षसम्म शाह वंशको छत्रछायामा रह्यो । तर २०६५ जेठ १५ मा संविधानसभाले राजतन्त्रको औपचारिक बिदाइ गर्‍यो र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बन्यो ।

डेढ दशक बितिसक्दा पनि गणतन्त्रले जनअपेक्षा पूरा गर्न नसकेको गुनासो छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार र सुस्त विकासले कतिपयलाई राजतन्त्रको सम्झना गराउँछ । के यो अतीतको मोह मात्र हो, वा नेपालमा राजतन्त्रको औचित्य अझै बाँकी छ ? यो लेखले अतीतको समीक्षा, वर्तमानको मूल्याङ्कन र भविष्यका सम्भावनाहरूको खोजी गर्छ ।

**गर्व र कमजोरीको सङ्गम**

नेपालको एकीकरण अभियान केवल भौगोलिक विजय थिएन, यो एउटा सांस्कृतिक र राजनीतिक पहिचानको आधार थियो । पृथ्वीनारायण शाहले गोर्खाली साम्राज्यको जग हाले जसले हिमाल, पहाड र तराईलाई जोड्यो । यो उपलब्धि शाह वंशको गर्विलो विरासत बन्यो तर यो बलियो सुरुवात समयसँगै कमजोर बन्यो । १९०३ सालमा जङ्गबहादुर राणाले सत्ता हत्याएपछि राजतन्त्र १०४ वर्षसम्म प्रतीकमा सीमित रह्यो । २००७ सालमा राणाशासनको अन्त्यसँगै राजा त्रिभुवनले शक्ति फर्काए तर यो पुनर्जागरण लामो टिकेन । २०१७ सालमा महेन्द्रले पञ्चायत लादे, जसले राजतन्त्रलाई निरङ्कुशताको पर्याय बनायो ।

२०४७ को जनआन्दोलनले संवैधानिक राजतन्त्रको बाटो खोल्यो, तर यो प्रणाली पनि स्थिर रहन सकेन, २०५८ को दरबार हत्याकाण्डले शाह वंशको वैधानिकतामाथि गम्भीर प्रश्न उठायो । राजा वीरेन्द्रको परिवारको निधनपछि सत्तामा आएका ज्ञानेन्द्रले २०६१ मा प्रत्यक्ष शासनको असफल प्रयोग गरे । यो कदमले जनताको आक्रोशलाई चरमोत्कर्षमा पुर्‍यायो । राजतन्त्रले आफ्नो प्रासङ्गिकता र जनविश्वास दुवै गुमायो, जुन २०६२/६३ को जनआन्दोलनको आधार बन्यो । इतिहासले देखाउँछन् – राजतन्त्रले नेपालको निर्माणमा योगदान त दियो, तर समयसँगै आफूलाई जनमुखी बनाउन असफल रह्यो ।

इतिहासले देखाउँछन् – राजतन्त्रले नेपालको निर्माणमा योगदान त दियो, तर समयसँगै आफूलाई जनमुखी बनाउन असफल रह्यो ।

**गणतन्त्रको आशा र चुनौती**

२०६२/६३ को जनआन्दोलन नेपालको शासन इतिहासमा कोसेढुङ्गा थियो । लाखौँ नेपाली सडकमा उत्रिए र ज्ञानेन्द्रको शासन ढल्यो । निरङ्कुशताविरुद्धको यो विद्रोहले २०६५ मा गणतन्त्र स्थापना गर्‍यो र २०७२ को संविधानले संघीयता, समावेशिता र लोकतन्त्रको जग हाल्यो । यो परिवर्तनले पहिचान र अधिकारको लडाइँ लडिरहेका समुदायलाई राज्यको मूलधारमा ल्यायो तर यो प्रयोग पूर्ण सफल भएको छैन ।

पछिल्लो १६ वर्षमा नेपाली जनताले दर्जनौँ सरकार देखे । २०६५ यता १३ पटक प्रधानमन्त्री फेरिए, जसले नीतिगत निरन्तरता भङ्ग गर्‍यो । भ्रष्टाचार संस्थागत बन्यो – चाहे त्यो सुनकाण्ड होस् वा एनसेल करविवाद । विकासको गति सुस्त छ; सडक, स्वास्थ्य र शिक्षामा अपेक्षित प्रगति भएको छैन । यी कमजोरीले गणतन्त्रप्रति जनताको विश्वास डगमगाएको छ । यही सन्दर्भमा राजतन्त्रको पक्षमा स्वरहरू उठ्छन्, समर्थकहरू भन्छन् – राजाले सांस्कृतिक एकता र तटस्थ नेतृत्व दिन सक्छन् । तर यो तर्क अतीतको मोहमा आधारित छ कि व्यावहारिक समाधानमा ? गणतन्त्रको असफलता शासन प्रणालीको कमजोरी होइन, बरु नेतृत्वको दृष्टि र जवाफदेहिताको अभावको परिणाम हो ।

**अतीतको छाया कि भविष्यको सम्भावना ?**

के आजको नेपालमा राजाको ठाउँ छ ? विश्वमा संवैधानिक राजतन्त्रका उदाहरण छन्, बेलायतकी रानी एलिजाबेथ द्वितीय वा जापानका सम्राट नारुहितोले प्रतीकात्मक एकता र ऐतिहासिक सातत्य दुवै प्रदान गरे । तर यी देशमा राजतन्त्रको सफलता आर्थिक समृद्धि, बलियो लोकतन्त्र र जनताको स्वीकार्यतामा टिकेको छ । नेपालको सन्दर्भ फरक छ । यहाँ राजतन्त्रले न गरिबी हटायो न त शिक्षा र स्वास्थ्यमा क्रान्ति ल्यायो । राणाशासनदेखि पञ्चायतसम्मको इतिहासले देखाउँछ, यो प्रणाली प्रायः शक्ति र विशेषाधिकारको वरिपरि घुम्यो ।

२०६२/६३ मा जनताले राजालाई होइन, आफ्नो सार्वभौमसत्ता रोजे । बहुजातीय, बहुसांस्कृतिक नेपालमा एउटा वंशको प्रभुत्व स्वीकार्य छैन । आधुनिक समाजमा शासन जन्मको आधारमा होइन, योग्यता र जनमतले चल्नुपर्छ । राजतन्त्रको सम्झना बाँकी रहन सक्छ तर व्यवहारमा यो अप्रासङ्गिक छ । गणतन्त्रका कमजोरीलाई बहाना बनाएर अतीततिर फर्कनु समाधान होइन ।

**सुधार कि परिवर्तन ?**

गणतन्त्रका चुनौतीले हामीलाई अगाडिको बाटो खोज्न प्रेरित गर्नुपर्छ । पहिलो, गणतन्त्रलाई बलियो बनाउन राजनीतिक स्थिरता चाहिन्छ । बारम्बार सरकार परिवर्तन रोक्न निर्वाचन प्रणालीमा सुधार आवश्यक छ, जस्तै : समानुपातिक प्रतिनिधित्वको सट्टा प्रत्यक्ष बहुमत लागु गर्न सकिन्छ । दोस्रो, भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि स्वतन्त्र निकायहरूलाई बलियो बनाउनुपर्छ । तेस्रो, विकासलाई गति दिन नीतिगत निरन्तरता र लगानीमैत्री वातावरण आवश्यक छ ।

के संवैधानिक राजतन्त्र एउटा विकल्प हुन सक्छ ? सैद्धान्तिक रूपमा यो सम्भव छ, तर व्यवहारमा जनचाहनाविपरीत हुन्छ । बरु प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख वा मिश्रित शासन प्रणालीजस्ता मोडलमाथि बहस गर्न सकिन्छ । नेपालको विविधता र जटिलताले लचिलो र समावेशी प्रणाली माग गर्छ । शासनको सफलता नाममा होइन, परिणाममा निर्भर हुन्छ ।

**अगाडिको बाटो**

राजतन्त्रले नेपालको अतीतमा आफ्नो छाप छाड्यो, कहिले एकताको प्रतीक बन्यो, कहिले निरङ्कुशताको । तर वर्तमान र भविष्य गणतन्त्रको सुधारमा निर्भर छ । यो प्रणाली अपूर्ण छ तर यो जनताको स्वामित्वको प्रणाली हो । हामीले अतीतको पाठ सिकेर गणतन्त्रलाई बलियो बनाउनुपर्छ । प्रश्न यो होइन कि राजा फर्कन सक्छ कि सक्दैन, बरु हामी कस्तो नेपाल बनाउन चाहन्छौँ ? शासनको नाममा होइन, परिणाममा ध्यान दिउँ । इतिहासको छायाबाट बाहिर निस्केर उज्यालो भविष्यको खोजी नै आजको आवश्यकता हो ।रातोपाटी




# स्थगित स्वविय निर्वाचन र विद्यार्थी आन्दोलन



जस्मीन ओझा

सानै हुँदा मैले स्वतन्त्र विद्यार्थी युनियन (स्वविय) चुनावबारे सुनेकी थिएँ । मेरा दाजुभाइ, दिदीबहिनी क्याम्पसमा भर्खर भर्ना भएका थिए । हरेक पटक स्वविय चुनावका बेला उनीहरूको उत्साह लोभलाग्दो हुन्थ्यो । योग्य साथीलाई स्वविय चुनावमा जिताउन दिलोज्यानले लागिरहेका हुन्थे । उनीहरूको उत्साह र समर्पण देख्दा विद्यार्थी राजनीति रोचक लाग्थ्यो ।

मैले भने यस्तो उत्साहको मौका पाइनँ । निजी कलेजमा पढे जहाँ विद्यार्थी राजनीति लगभग वर्जित छ । यद्यपि मैले नेपालको विद्यार्थी आन्दोलनको इतिहास भने पढ्ने र सुन्ने मौका पाए । र यही कारण विद्यार्थी आन्दोलतप्रति मेरो लगाव छ । विद्यार्थी राजनीति केवल उमेरको जोस मात्र होइन, बरु भविष्यका नेताहरू निर्माण गर्ने एउटा प्रयोगधर्मी थलो रहेछ भन्ने महसुस गरेँ । जसरी कुनै देशको लोकतन्त्र बलियो बनाउन चुनाव आवश्यक छ, त्यसरी नै विद्यार्थी राजनीतिले लोकतन्त्रलाई कुशल नेतृत्व दिन महत्त्वपूर्ण भूमिका खेल्छ ।

**ऐतिहासिक पृष्ठभूमि**

नेपालमा विद्यार्थी आन्दोलनको जरो निकै गहिरो र पुरानो छ । २०३६ को जनमत संग्रहदेखि २०६२/६३ को गणतन्त्र स्थापनासम्म विद्यार्थीले अग्रणी भूमिका खेलेका छन् । २०१७ सालमा पञ्चायती व्यवस्था लादिँदा सबैभन्दा पहिला विद्यार्थी संगठनहरूले देशभर विरोध प्रदर्शन गरेका थिए । त्यसपछि २०३६ सालको जनमत संग्रहमा विद्यार्थीहरू बहुदलीय व्यवस्थाको पक्षमा उभिए । जनमत संग्रहसम्म विद्यार्थी आन्दोलनले नै पुर्‍याएको हो ।

२०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यका लागि विद्यार्थीहरूले निर्णायक संघर्ष गरे र त्यसैको बलमा बहुदलीय व्यवस्था पुनर्स्थापित भयो ।

यी सबै संघर्षमा विद्यार्थी संगठनले देखाएको नेतृत्वले विद्यार्थी राजनीति परिवर्तनको अगुवा शक्ति हो भन्ने प्रमाणित गरेको छ । जब-जब मुलुक संकटमा पर्छ, जब-जब शासकले अन्याय गर्छन्, तब ढाल बनेर विद्यार्थी सडकमा उत्रन्छन् ।

नेपालका विद्यार्थी संगठनहरू प्रायः राजनीतिक दलहरूमा आबद्ध छन्, जसका कारण विद्यार्थी राजनीतिलाई कहिलेकाहीँ नकारात्मक रूपमा हेरिन्छ । वास्तविकता के हो भने राजनीतिभन्दा पर कोही छैनन् र विद्यार्थी संगठनहरू त झन् हुने कुरै भएन ।

चुनाव स्थगित गर्दै जाने हो भने विद्यार्थी राजनीतिमा निराशा बढ्नेछ र योग्य विद्यार्थीहरू नेतृत्वमा आउने अवसर गुम्नेछ । विश्वविद्यालय प्रशासनले निष्पक्ष प्रक्रिया अपनाएर निर्वाचन गराउने वातावरण बनाउनुपर्छ । विद्यार्थी संगठनहरूबिच सहमति जुटाएर निष्पक्ष चुनाव सुनिश्चित गर्नुपर्छ ।

**स्वविय निर्वाचन राजनीति चियाउने आँखीझ्याल**

हाम्रो राजनीतिक अभ्यासमा स्वविय निर्वाचन विद्यार्थी राजनीतिमा प्रवेश गर्ने ढोका हो । यहीँबाट विद्यार्थीले नेतृत्व विकास गर्ने अवसर पाउँछन् । बहस, छलफल, तर्क-वितर्क, सहमति, प्रतिस्पर्धा र नीति निर्माणको प्रारम्भिक अभ्यास स्वविय निर्वाचनबाटै सुरु हुन्छ ।

नेपालका धेरै चर्चित राजनीतिक नेताहरू विद्यार्थी राजनीति हुँदै राष्ट्रिय राजनीतिमा पुगेका छन् । तसर्थ स्वविय निर्वाचन केवल विद्यार्थीको आन्तरिक राजनीति मात्र होइन, यो उनीहरूको हक-अधिकारको सुरक्षा गर्ने एउटा महत्त्वपूर्ण संरचना पनि हो । मुलुकमा कस्ता राजनीतिज्ञ आउँदै छन् भनेर चियाउने आँखीझ्याल पनि हो ।

**स्थगित स्वविय निर्वाचन र यसको असर**

पछिल्लो समय विद्यार्थी राजनीति कमजोर बनाउने प्रयास भइरहेको छ । लामो समय विश्वविद्यालय र क्याम्पस स्वविययुविहीन अवस्थामा थिए ।

बिस्तारै लयमा फर्किन लागेको स्ववियुलाई कतिपय शैक्षिक संस्थाले अनेक कारण देखाउँदै निर्वाचन स्थगित गरेका छन् । कतिपय क्याम्पस प्रशासनले विद्यार्थी संगठनबिच विवाद हुने डरले चुनाव गराउन आनाकानी गरिरहेका छन्, भने कतिपय स्थानमा राजनीतिक दलहरूको हस्तक्षेपले निष्पक्ष चुनाव हुन सकेको छैन ।

कुनै पनि शिक्षालयमा स्वविय निर्वाचन रोकिँदा त्यसको असर लामो समयसम्म पर्न सक्छ । स्वविय नभएका क्याम्पसमा विद्यार्थी आफ्नो अधिकार खोज्न सक्दैनन् । शुल्क वृद्धिदेखि विद्यार्थी सुरक्षासम्मका विषयमा प्रशासनले आफ्नै निर्णय लिन्छ, जसको प्रतिरोध गर्ने बलियो विद्यार्थी संरचना हुँदैन ।

नेपालको संविधानले नै नागरिकलाई संघ, संगठन, र आन्दोलन गर्ने अधिकार दिएको छ । विद्यार्थीका लागि स्वविय निर्वाचन यही अधिकारको अभिव्यक्ति हो । लोकतान्त्रिक प्रणालीको अभ्यास बाल्यकालदेखि नै हुनुपर्छ, ताकि भविष्यमा विद्यार्थी सशक्त नागरिक बन्न सकुन् । संसद, प्रदेशसभा, स्थानीय तहमा चुनाव गरिन्छ तर विद्यार्थीका लागि किन निर्वाचन रोक्नपर्‍यो ? कतिपय स्थानमा अप्रिय घटना पनि भए । यस्ता अप्रिय घटनाको विद्यार्थी नेता र संगठनहरूले छानबिन गर्नुपर्छ । विद्यार्थीलाई उनीहरूको सुरक्षाको प्रत्याभूति दिलाउनु पनि विद्यार्थी संगठनकै जिम्मेवारी हो ।

**नेतृत्वको जिम्मेवारी**

अबको जिम्मेवारी नेतृत्व वर्गको हो । जहाँ-जहाँ स्वविय निर्वाचन स्थगित गरिएको छ, अब त्यो तुरुन्त गराउनुपर्छ । चुनाव स्थगित गर्दै जाने हो भने विद्यार्थी राजनीतिमा निराशा बढ्नेछ र योग्य विद्यार्थीहरू नेतृत्वमा आउने अवसर गुम्नेछ । विश्वविद्यालय प्रशासनले निष्पक्ष प्रक्रिया अपनाएर निर्वाचन गराउने वातावरण बनाउनुपर्छ । विद्यार्थी संगठनहरूबिच सहमति जुटाएर निष्पक्ष चुनाव सुनिश्चित गर्नुपर्छ ।

विद्यार्थी आन्दोलन संकटग्रस्त अवस्थामा छ । विगतका झै-झगडाले आन्दोलनलाई पिरोलिरहेको छ । यस्तोमा त्यस्ता प्रदूषित चिन्तनलाई प्रश्रय दिनुहुँदैन । विद्यार्थी आन्दोलन तेज निम्न नदिने र यसको उपादेयता जोगाउने दायित्व विद्यार्थी संगठनहरूको हो । त्यसैले आफू अब्बल बनौँ, विद्यार्थी आन्दोलनलाई सशक्त बनाऔँ ।

शैक्षिक संस्थान र विद्यार्थी आन्दोलनलाई बाहुबल प्रयोग गर्ने थलो नबनाई विचार र सिद्धान्तको अभ्यास गर्ने बृहत् मञ्च बनाइनुपर्छ । स्ववियुलाई राजनीतिको पहिलो खुड्किलोका रूपमा स्थापित गर्ने हो भने यसलाई लोकतान्त्रिक बनाउनुपर्छ । यसका प्रक्रिया लोकतान्त्रिक पद्धति अनुकूल हुनैपर्छ ।

**सिर्जनात्मक विद्यार्थी आन्दोलन**

विद्यार्थी राजनीतिमाथि प्रश्न उठिरहेका बेला अबको स्वविय नेतृत्वले शिक्षालयमा तालाबन्दी गर्ने होइन । शिक्षालयलाई अध्ययन, अनुसन्धानको केन्द्र बनाउने बहस गरिनुपर्छ । विद्यार्थी हकहितलाई केन्द्रमा राख्दै नवप्रवर्तनतर्फ जोड दिनुपर्छ ।

शिक्षकलाई कालोमोसो दल्ने, कुटपिट गर्ने नभई शैक्षिक वातावरण रचनात्मक र सिर्जनात्मक बनाउन पहल गर्नुपर्छ । पाठ्यक्रम, शैक्षिक नीति, प्रणालीजस्ता विषयमा विद्यार्थी आन्दोलन केन्द्रित हुनुपर्छ ।

विद्यार्थी नेताहरूले विचारशील बहस, अनुसन्धानमुखी नीतिगत छलफल र समाज परिवर्तनका लागि नवीनतम विधिहरू अपनाउनुपर्छ । विद्यार्थी संगठनहरूले डिजिटल मञ्चहरू, पोडकास्ट, ब्लग र अनलाइन बहसलाई प्राथमिकता दिनु आवश्यक छ ।

विद्यार्थी राजनीतिलाई केवल दलगत प्रतिस्पर्धामा सीमित नराखी, सामाजिक अभियन्ता प्रवृत्तिको विकास गर्नुपर्छ । शिक्षा सुधार, वातावरणीय संरक्षण, मानसिक स्वास्थ्यजस्ता विषयमा विद्यार्थी नेताले सक्रिय भूमिका खेल्नुपर्छ ।

विद्यार्थी संगठन र स्ववियुले विश्वविद्यालयभित्र इन्टर्नसिप कार्यक्रम, नीति निर्माण कार्यशालाहरू र उद्यमशीलता प्रवर्द्धनका अभियान सञ्चालन गर्नुपर्छ । विद्यार्थीलाई दलगत गुटबन्दीभन्दा माथि उठेर, नीति, विचार र शिक्षामा सुधार ल्याउनेतर्फ उन्मुख गराउनुपर्छ । यसो भएमा भविष्यको विद्यार्थी पुस्तालाई सग्लो विद्यार्थी आन्दोलन हस्तान्तरण गर्न सकिन्छ र विद्यार्थी आन्दोलनको गरिमा पनि जोगिन्छ ।रातोपाटी

## सेनाले संविधान प्रदत्त जिम्मेवारी पूरा गर्ने प्रधानसेनापतिको प्रतिबद्धता

धनगढी । प्रधानसेनापति अशोकराज सिग्देलले नेपाली सेना सदैव देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकताको रक्षार्थ जस्तोसुकै परिस्थितिमा पनि संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

कैलालीस्थित सुदूरपश्चिम पृतना मुख्यालय आज आयोजित भूतपूर्व सैनिक सम्मेलनमा उहाँले राष्ट्रिय हित संरक्षण गर्न नेपाली सेना गम्भीर रहेको स्पष्ट पार्नुभयो ।सेनाले राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन पुर्‍याइरहेको योगदानले आमनेपालीलाई गर्वको अनुभूति गराएको उल्लेख गर्दै प्रधानसेनापति सिग्देलले राष्ट्रको सर्वाङ्गीण विकासमा गरेको योगदानका कारण नेपाली जनतामाझ सेना र भरपर्दो सङ्गठनका रुपमा स्थापित भएको बताउनुभयो । "यो विश्वास कहिल्यै पनि टुट्न दिनु हुँदैन", उहाँले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनामा नेपाली सेनाले गरेको योगदानको राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा मुक्तकण्ठले प्रशंसा भइरहेको जनाउँदै प्रधानसेनापति सिग्देलले यसबाट विगतदेखि नेपाली सेनाको निःस्वार्थ सेवाभाव, जिम्मेवारी र कर्तव्य पालनाप्रतिको संवेदनशीलतालाई प्रतिविम्बित गरेको बताउनुभयो ।


"भूपू सम्मेलन सैनिक पुनर्मिलनको महत्वपूर्ण अवसर हुनाका साथै एकापसमा अनुभव साट्ने तथा बहालवाला र अवकाश प्राप्त सैनिकबीच हार्दिकता र सामूहिक भावना थप फराकिलो बनाउने अवसर पनि हो", उहाँले भन्नुभयो ।

नेपाली सेना कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तण्डुलले बहालवाला तथा अवकाश प्राप्त सैनिकका परिवारजनलाई आयआर्जनका लागि विभिन्न कल्याणकारी कार्य अघि बढाइएको जानकारी दिनुभयो । सुदूरपश्चिम पृतनापति प्रकाश देउजाले सकलदर्जामा एकताको भावना अभिवृद्धि गराउन सम्मेलनले सघाउने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले कल्याणकारी कार्यक्रमअन्तर्गत उपलब्ध गराइएका विभिन्न सुविधा प्रयोग गरी बढीभन्दा बढी लाभ लिन सकलदर्जालाई अनुरोध गर्नुभयो ।

समारोहमा प्रधानसेनापति सिग्देलले चार जना वा सोभन्दा बढी सन्ततिलाई सेनामा पठाएबापत सकलदर्जाका अभिभावक बाजुराका बलवान खड्का र डडेलधुराका प्रजापति अवस्थीलाई सम्मान, एवं अवकाश प्राप्त सुवेदार केशवदत्त पाण्डेयलाई प्रधानसेनापति प्रशंसा निशान प्रदान गर्नुभयो । उहाँले ज्येष्ठ भूतपूर्व सैनिक तथा एकल महिलालाई सम्मान, ह्वील चियर एवं वैशाखी प्रदान, लघु उद्यम व्यवसायीलाई प्रशंसापत्र एवं पुरस्कार प्रदान गर्नुभयो ।विहिबारै सुदूरपश्चिम पृतनाअन्तर्गत डोटी, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र दार्चुलामा सम्मेलन सम्पन्न भएका छन् । रासस

# पर्यटन विकासका लागि हवाई सेवालाई सबल बनाउन आवश्यक छः प्रधानमन्त्री



नेपालमा नै रोजगारी प्राप्त गर्न सकिने विश्वास दिलाउन सरकारले निरन्तर प्रयास गर्दै आइरहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । देशभित्र मर्यादित रोजगारीका लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने उद्देश्यले पाँचवर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो ।

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको पर्यटन विकासका लागि हवाई सेवालाई विस्तृत र सबल बनाउन आवश्यक रहेको बताउनुभएको छ । प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरूले सोधेका प्रश्नको जवाफ दिँदै उहाँले मुलुकको हवाई सेवालाई चुस्त र प्रभावकारी बनाउन सरकारले आवश्यक काम गरिरहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले नेपालमा हवाई यातायातको विकासका लागि सरकारी क्षेत्रबाट सञ्चालित नेपाल वायुसेवा निगमको व्यवस्थापनमा कुशलता बढाउन आवश्यक व्यावसायिक कार्ययोजना निर्माण गरी सुधारका काम अघि बढाइएको बताउनुभयो । उहाँले पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डको पुनःसंरचना गरी विदेशस्थित नेपाली दूतावास, नियोग, पर्यटनदूत, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए), विदेशमा बस्ने नेपाली विद्यार्थी, नेपाल र विदेशका विभिन्न सङ्घसंस्थालाई परिचालन गरिएको जानकारी दिनुभयो ।

"मित्रराष्ट्रहरूबाट भित्रिने पर्यटकको सङ्ख्या वृद्धि गर्न नेपाल पर्यटन बोर्डलगायत अन्य क्षेत्रबाट प्रवर्द्धनात्मक काम भइरहेका छन् । पर्यटनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्को यसै अधिवेशनमा पेस गर्नेगरी तयारी गरिरहेको छ । पर्वतारोहण नियमावली संशोधन भइसकेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

एक अर्को प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सुनसरी र मोरङको करिब ६८ हजार हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सेवा पुर्‍याउने उद्देश्यले सुरु भएको सुनसरी मोरङ सिँचाइ आयोजनाले कोशी नदीको चतरा नजिक बायाँ किनारमा 'साइड इन्टेक' निर्माण गरी सिँचाइ सेवा उपलब्ध गराइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार विगत केही वर्षदेखि कोशी नदीले धार परिवर्तन गरी 'साइड इन्टेक' रहेको स्थानको दायाँतर्फ मूलबहाव आएकाले हिउँदको समयमा बायाँतर्फ रहेको 'साइड इन्टेक' मा आवश्यक मात्रामा पानीको प्रवेश गराउन सकिएको छैन । आयोजनाले प्रत्येक हिउँदमा अस्थायी बाँध बाँधी यथासम्भव पानी इन्टेकमा प्रवेश गराई सिँचाइ सुविधा पुर्‍याउँदै आएको छ ।

प्रधानमन्त्री ओलीले स्थायी प्रकृतिको संरचना निर्माण गरी दिगो तवरले वर्षैभरि पानी सञ्चालन कसरी गर्न सकिन्छ भनी विभिन्न विकल्पमा अध्ययन गरिएको भन्दै प्राविधिक र आर्थिक रूपले सम्भाव्य विकल्प छनोट गरी कार्य अगाडि बढाइने विश्वास व्यक्त गर्नुभयो । साथै, उक्त आयोजनाअन्तर्गतका सिञ्चित क्षेत्र बचावटसम्बन्धी कार्यहरू पनि प्राथमिकताका आधारमा कार्यान्वयन भइरहेका उहाँले उल्लेख गर्नुभयो ।

सांसद भीमप्रसाद आचार्यले सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धमा तमोर-चिस्यान-सुनकोशी-कमला बहुउद्देश्यीय आयोजना, देशकै सबैभन्दा ठूलो सुनसरी मोरङ सिँचाइ आयोजनाको प्रगति र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हवाई सेवा सुधार, पर्यटन प्रवर्द्धन योजना र नीतिगत सुधारबारे प्रधानमन्त्रीलाई प्रश्न सोध्नुभएको थियो ।

सांसद मनिष झाले सोधेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले कर्मचारी नियुक्ति लोकसेवा आयोगमार्फत हुने गरेको र तीनै तहका कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा लोकसेवाको सिफारिस, कर्मचारीको ज्ञान, सीप, अनुभव र कार्यक्षमताको आधारमा भइरहेको स्पष्ट पानुभयो । "कानुन विपरीत काम गरेको भए कारबाही गर्ने संवैधानिक निकायहरू छन् । ती निकायले कानुन विपरीत काम गर्ने व्यक्तिलाई कारबाही गर्छन् । त्यस्ता व्यक्ति सजायको भागिदार हुन्छन् र भइरहेकै छन्," उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले सरकारी संयन्त्रहरूमा हुने सरुवा, बढुवा र नियुक्तिमा यसअघि भएका गलत अभ्यासलाई तोडेर सरकारले योग्यताका आधारमा बढुवा र नियुक्तिको काम गरेको र त्यसको उदाहरण नेपाल प्रहरी प्रमुखको नियुक्ति भएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रहरी प्रमुख नियुक्ति गर्दा यसअघि कस्ता-कस्ता कुरा सुन्नु पर्थ्यो ? यस पटक त्यस्तो सुन्नु, देख्नु परेन ।"
सरकार आउनुअघि बुटवल-नारायणगढ सडक खण्डको काम रोकिएकामा हाल तीव्र गतिमा काम भइरहेको भन्दै प्रधानमन्त्री ओलीले मुग्लिन-पोखरा सडकको काम पनि सन्तोषजनक रूपमा अगाडि बढेको बताउनुभयो ।

सांसद झाकै अर्को प्रश्नको जवाफमा प्रधानमन्त्री ओलीले सरकारले उत्पादनमूलक क्षेत्रमा र विकास निर्माणका परियोजना अघि बढाउन आन्तरिक तथा बाह्य ऋण लिने गरेको भन्दै त्यस्ता क्षेत्रमा परिचालन गर्न लिइने ऋण नकारात्मक नभएको उल्लेख गर्नुभयो । उहाँले औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी अभिवृद्धि गर्न हालै सरकारले अध्यादेशमार्फत लगानी र व्यवसायीमैत्री हुनेगरी कानुन सुधार गरेको जानकारी गराउनुभयो । यसबाट निजी क्षेत्रको मनोबल उच्च भएको र नतिजा देखिँदै जाने उहाँको विश्वास थियो । सांसद झाले कर्मचारी नियुक्ति, सरुवा बढुवा र बाह्य ऋणको सम्बन्धमा प्रधानमन्त्रीलाई प्रश्न गर्नुभएको थियो ।

### चीनसागका १४ नाका पुनःसञ्चालन गर्न सात वर्षअघि हस्ताक्षर

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-चीन सिमानामा १४ स्थानमा रहेका परम्परागत व्यापारिक नाका पुनः सञ्चालन गर्ने सम्बन्धमा सीमा व्यवस्थापनसम्बन्धी सम्झौताअन्तर्गत नेपाल-चीनबीच सन् २०१९ मै हस्ताक्षर भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबराको बैठकमा सांसद भानुभक्त जोशीले गर्नुभएको प्रश्नको जवाफ दिनुहुँदै प्रधानमन्त्री ओलीले चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकलाई चीन आवागमन अनुमतिपत्र (प्रवेश-पास) उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८१ कार्यान्वयनमा ल्याइएको बताउनुभयो । उल्लिखित १४ नाकामध्ये बझाङस्थित उरै भञ्ज्याङ पनि रहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । सो नाका सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय एवं कूटनीतिक तवरमा पहल भइरहेको उहाँले बताउनुभयो ।

सांसद जोशीको अर्को प्रश्नको जवाफमा प्रधानमन्त्री ओलीले विकाससम्बन्धी कार्य गर्ने कार्यालय बनाई सडक, खानेपानी, सिँचाइ तथा नदी नियन्त्रण, पूर्वाधार विकासलगायत कार्य एकीकृत रुपमा सञ्चालन गर्ने सम्बन्धमा आएको सुझाव सराहनीय रहेको बताउनुभयो । हाल स्थानीय तहबाट कतिपय सेवा एकीकृत रुपमै प्रदान भइरहेको उहाँले बताउनुभयो ।

एकीकृत रुपमा तीन तहका सरकारको कामको प्रकृति र कार्यबोझका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन र कर्मचारीको व्यवस्थापन गरिएको प्रधानमन्त्री ओलीले बताउनुभयो । नेपालको संविधानले गरेको व्यवस्थाबमोजिम साविकमा केन्द्रीय सरकारले गर्ने कतिपय काम हालको व्यवस्थामा प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रमा परेका उहाँले बताउनुभयो । तीन तहकै सरकारले जिल्लामा छुट्टाछुट्टै कार्यालय स्थापना गरी सेवा प्रदान गर्न सम्भव नहुने हुँदा केही जिल्ला कार्यक्षेत्रमा रहने गरी डिभिजन कार्यालयमार्फत सेवा प्रदान हुँदै आइरहेको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

नेपालमा नै रोजगारी प्राप्त गर्न सकिने विश्वास दिलाउन सरकारले निरन्तर प्रयास गर्दै आइरहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । देशभित्र मर्यादित रोजगारीका लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने उद्देश्यले पाँचवर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो । व्यावसायिक तथा सीप विकास तालिम प्रदान गर्न र वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीप प्रमाणीकरण गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

न्यूनतम रोजगारी प्रत्याभूत गर्न नेपाल सरकारले सञ्चालन गरेको रोजगार कार्यक्रममार्फत आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म करिब आठ लाख सूचीकृत बेरोजगारले रोजगारीका अवसर प्राप्त गरेको प्रधानमन्त्री ओलीले जानकारी दिनुभयो । आन्तरिक रोजगारीका अवसर अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले आगामी दश वर्षका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा गरिएको उहाँले बताउनुभयो । "यसबाट युवाहरू नेपालमा नै रोजगार र स्वरोजगारका क्रियाकलापमा संलग्न हुने सरकारको विश्वास छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

### स्थानीय सरकारले गाउागाउामा सिंहदरबार पु-याएको छ

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि गठन भएको स्थानीय सरकारले वास्तवमै गाउँगाउँमा सिंहदरबार पुर्‍याएको बताउनुभएको छ ।

नेपाल नगरपालिका सङ्घको विहिबार यहाँ आयोजित ३२औँ वार्षिकोत्सव कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाली जनताको लामो सङ्घर्ष र बलिदानस्वरुप राजतन्त्रको अन्त्यसँगै बलियो स्थानीय सरकार बनेकाले यसको विकल्प नभएको स्पष्ट गर्नुभयो ।

"संविधान कार्यान्वयनका क्रममा प्रदेशको संरचनाबारे बहस भएको छ तर स्थानीय सरकारबारे कुनै प्रश्न उठेको छैन । त्यसकारण स्थानीय सरकारको कुनै विकल्प छैन । जनतालाई सेवा दिने नजिकको सरकार यही हो", जनप्रतिनिधिमाझ प्रधानमन्त्री ओलीले भन्नुभयो, "स्थानीय तहका समस्या र मागलाई उचित नीति र कानुनको निर्माण गरेर क्रमशः समाधान गरिनेछ । यसमा तीनवटै तहका सरकारबीच आवश्यक सहकार्य र समन्वय हुनेछ ।"प्रधानमन्त्री ओलीले राजतन्त्र फर्काउने नाममा भइरहेका गतिविधिप्रति लक्ष्य गर्दै राजतन्त्रकालमा लादिएका निरङ्कुशतालाई जनताले नबिर्सिएकाले गणतन्त्रको सुदृढीकरणमा सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

### समझदारीमार्फत दुवै पक्षबाट 'इपिजी' प्रतिवेदन बुझ्नेतिर लाग्नेछौँ

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र भारतले संयुक्त रूपमा गठन गरेको प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन दुवै पक्षको समझदारीमार्फत बुझ्न सरकार प्रयत्नशील रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा प्रधानमन्त्रीसँग प्रश्नोत्तरका क्रममा उहाँले इपिजी प्रतिवेदन दुवै देशको समझदारी र सहमतिमा बुझ्ने बताउनुभएको हो ।

सांसद बुद्धिमान तामाङको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले इपिजी प्रतिवेदन बुझ्ने सम्बन्धमा यसअघिका भेटघाटमा मित्रराष्ट्र भारत सरकारको उच्च तहमा यो विषय उठाइएको पनि जानकारी दिनुभयो । उहाँले अन्य सन्दर्भमा कूटनीतिक पहल भइरहेका बताउनुभयो ।

प्रधानमन्त्री ओलीले इपिजी समूहले नै सुरुमा भारतका प्रधानमन्त्रीलाई र त्यसपछि मात्र नेपालका प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने समझदारी भएको जानकारी दिनुभयो । समझदारीबाट नै समाधान खोजिने भन्दै उहाँले त्यसले औँल्याउने समस्या एकतर्फले बुझेर र एकतर्फ मात्र कार्यान्वयन गरेर नहुने विषय भएको बताउनुभयो । "समझदारीमार्फत दुवै पक्षबाट यो प्रतिवेदन बुझ्नेतिर हामी लाग्नेछौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

नेपालको चुच्चे नक्साको विषयमा जवाफ दिँदै उहाँले इस्वी संवत् १९६२ अघिसम्म नेपालको अधीनमा रहेको भूभागको नक्सा हाल कायम रहेको नक्सा नै यथार्थ भएको बताउनुभयो । "विसं २०१७ अघिसम्म देशको नक्सा अहिलेकै जस्तो थियो, त्यसपछि फेरियो । २०७७ असार ४ गते संविधानको दोस्रो संशोधनमार्फत संविधानको अनुसूची ३ मा रहेको नेपालको निशानाछाप अद्यावधिक गरियो", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

### सडक पूर्वाधार पुर्‍याउन महाकाली कोरिडोरमार्फत निर्माण भइरहेको छ

प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेक लिम्पियाधुरा क्षेत्रमा सडक पूर्वाधार पुर्‍याउन महाकाली कोरिडोरमार्फत पूर्वाधारको निर्माण कार्य भइरहेको जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा प्रधानमन्त्रीसँग प्रश्नोत्तरको क्रममा सांसद बिनिता कठायतको प्रश्नको जवाफ दिँदै उहाँले प्रधानमन्त्री ओलीले ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिङ्कर सडकका लागि दार्चुलादेखि तुषारपानीसम्म ४३ किलोमिटर सडकखण्ड निर्माण भइरहेको सदनलाई जानकारी दिनुभयो । प्रधानमन्त्री ओलीले तुषारपानीदेखि टिङ्कर नाकासम्म करिब ७९ किलोमिटर सडकमा नेपाली सेनामार्फत काम भइरहेको बताउनुभयो । "हालसम्म करिब १२ किलोमिटर 'ट्र्याक' खन्ने काम सम्पन्न भएको र बाँकी खण्डको काम छिट्टै सम्पन्न हुने जानकारी गराउँछु", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

उहाँले कर्णाली प्रदेशका नागरिकको स्वास्थ्य उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत विशिष्ट सेवा प्रवाह गर्न सरकार प्रयासरत रहेको बताउनुभयो ।

अर्का सांसद विमला सुवेदीको प्रश्नको उत्तर दिँदै प्रधानमन्त्री ओलीले शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने विषयमा सरकार संवेदनशील रहेको बताउनुभयो । उहाँले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारी नियुक्ति प्रक्रिया यथासक्य छिटो सुरु गरी शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो । "द्वन्द्वकालमा भएका घटनाबाट पीडित भएका व्यक्ति तथा निजका परिवारका सदस्यले छिटोभन्दा छिटो न्याय प्राप्त गरून् भन्नेमा सरकार संवेदनशील छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

उहाँले शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने क्रममा आमसरोकार भएकाहरूसँगको परामर्शमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधन भएको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले नुवाकोट र धादिङको सीमानामा निर्माण गरिएको बञ्चरेडाँडा स्यानिटरी ल्यान्डफिल साइट तोकेको मापदण्डबमोजिम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहबाट सार्वजनिक निजी साझेदारी प्रणालीमार्फत निजी क्षेत्रलाई परिचालन गर्नेगरी कार्य अघि बढाइएको सदनलाई जानकारी गराउनुभयो । उहाँले बञ्चरेडाँडामा प्रत्यक्ष प्रभावित क्षेत्र यकिन गर्न पूरक वातावरणीय अध्ययन सुरु भइसकेको समेत जानकारी गराउनुभयो । रासस

# भौतिक पूर्वाधार तथा यातायातमन्त्री दाहाल स्वदेश फिर्ता



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल अमेरिकामा सम्पन्न यातायातसम्बन्धी एक अन्तरराष्ट्रिय कार्यक्रममा भाग लिएर विहिबार स्वदेश फर्कनुभएको छ ।

अमेरिकाको वासिङ्टन डिसीमा मार्च १० देखि विश्व बैङ्कको आयोजनामा भएको 'ट्रान्सफर्मिङ ट्रान्सपोर्टेसन २०२५' मा भाग लिन गत फागुन २४ गते उहाँ नेतृत्वको टोली त्यसतर्फ गएको थियो ।मन्त्री दाहाल विश्व बैङ्कको प्रधान कार्यालयमा 'सस्टेनेबल ट्रान्सपोर्ट मिनिष्टरियल राउन्ड टेबल' को उद्घाटन सत्रमा समेत सहभागी हुनुभयो । कार्यक्रममा मन्त्री दाहालले नेपालको भौगोलिक विविधता र पर्यावरणीय क्षेत्रको महत्व दर्शाउँदै नेपालको सडक सञ्जाल र यातायात विस्तारमा सरकारकोप्राथमिकताबारेअन्तरराष्ट्रिय समुदायलाई प्रस्ट पार्नुभएको थियो ।

सडक सञ्जालको सुधार र विकासमा सरकारको ध्यान केन्द्रित रहेको बताउँदै उहाँले ग्रामीण क्षेत्रमा सडक सेवा विस्तार, सवार साधनको न्यूनतम लागत कायम गर्न र छोटा सडक सञ्जालको स्तरोन्नति गर्ने योजनाहबारे धारणा राख्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

मन्त्री दाहाल अमेरिकास्थित नेपाली दूतावासमा आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा पनि सहभागी हुनुभयो भने नेपाली समुदायले आयोजना गरेको अन्तरक्रियालाई पनि सम्बोधन गर्नुभएको जनाइएको छ ।रासस

# 'गणतन्त्रलाई जनतामाझ लैजानुपर्छ'

विराटनगर । नेपाल कम्युनिष्ट पार्टीका महासचिव एवं समाजवादी मोर्चाका संयोजक नेत्रविक्रम चन्द 'विप्लव सी' ले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन यसलाई जनतामाझ लैजानुपर्ने बताउनुभएको छ ।

प्रेस सेन्टर नेपाल मोरङद्वारा विहिबार आयोजित अन्तरसम्वाद कार्यक्रममा उहाँले गणतन्त्रबाट आमनागरिकले समान अधिकार पाउनुपर्नेमा जोड दिनुभयो ।

महासचिव चन्दले मुलुकमा युगान्तकारी परिवर्तन ल्याउने गणतन्त्र स्थापना नभएको भए मुलुक अझै अन्धकारमै हुन्थ्यो भन्दै राजनीतिक दलका नेताहरूको भनाइ र गराइमा देखिएका अन्तरले अहिले असन्तुष्टि देखिएको चर्चा गर्नुभयो ।

मुलुक सैद्धान्तिक र व्यावहारिक दृष्टिले पनि सङ्कटमा रहेको बताउँदै उहाँले समाजवादको लक्ष्य पूरा गराउन पुँजी निर्माण हुनुपर्छ भन्नुभयो । महासचिव चन्दले सरकार शिक्षा, स्वास्थ्य र रोगगारका विषयमा चुकेको, पुँजी निर्माण र बचतको ज्ञान विस्तार नभएकाले नेपाली जनताले समस्या बेहोरिरहेको धारणा राख्नुभयो ।

उहाँले माओवादी, समाजवादी र सबै कम्युनिष्टबीच एकताको प्रयास तथा छलफल भइरहेको जानकारी दिँदै चैत १५ गते समाजवादी मोर्चाले गर्ने भेला शान्तिपूर्ण हुने उल्लेख गर्नुभयो ।रासस




## मालपोत कार्यालय मौलापुर, रौतहट

## छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गाविस पतौरा वार्ड नं.७ हाल मौलापुर नपा ३ मा बस्ने जवाहिर राय यादवले रौ.जि.अ.मिति २०६४/०२/०७ गतेको मिलापत्रानुसार जि.रौ.गाविस पतौरा वडा नं.६क कि.नं. ६७४ को ०-४-२ को अप्रमाणित जग्गा मध्ये पुर्वतर्फबाट ०-१-०-८ जग्गा प्रमाणित गरी श्रेस्तासमेत कायम गरेर आफनो नाममा दा.खा.दर्ता गर्न द.नं.२१५३ मिति २०८१/०८/१७ गतेको माग निवेदन तथा श्री पुनरावेदन अदालत हेटौडाको मिति २०५४/०७/११ गतेको फैसला र श्री सर्वोच्च अदालत काठमाडौंको मिति२०५९/०९/०१ गतेको फैसला बमोजिम जि.रौ.गाविस पतौरा वडा नं.७क कि.नं.२७९ को ०-१-१० मध्ये उतर तर्फबाट ४ खण्डको १ खण्ड ०-०-७-८जवाहिर राय यादवको नाममा दा.खा.हुने गरी फैसला भएकोमा ट्रायलचेकबाट गाविस पतौरा वडा नं.७क कि.नं.२७९को०-१-१०को क्षेत्रफल०-५-५कायम भई सो मध्ये उतर तर्फबाट ०-१-६-४ जग्गा प्रमाणित गरी जवाहिर राय यादवको नाममा दा.खा. दर्ताको लागि द.नं.२२८५मिति२०८१/०८/२५गतेको माग निवेदन ।

मौलापुर नपा ३ को च.नं.६४६ मिति २०८१/१०/३० गतेको पत्रबाट जिल्ला रौतहट साविक गाविस पतौरा वार्ड नं.७ हाल मौलापुर नपा३मा बस्ने मुल पुरुष अहिमन राय यादवको ४ छोरा जेठो सियाराम राय यादव ,माहिला माझी राय यादव,साहिला रामभजन राय यादव भन्ने भजन राय यादव र कान्छा सजन राय याददव रहेकोमा भजन राय यादवको नाममा सर्वे नाप नक्सा भएको जि.रौ.गाविस पतौरा वडा नं.६क कि.नं.६७४ को०-४-२ को जग्गा रौ.जि.अ.को दे.नं.१३७९को खिचोला दर्ता मुद्दा चली मिति२०६४/०२/०७ गतेको मिलापत्र बमोजिम जि.रौ.गाविस पतौरा वडा नं.६क कि.नं.६७४ को ०-४-२ को अप्रमाणित जग्गा मध्ये पुर्वतर्फबाट ०-१-०-८ जग्गा प्रमाणित गरी श्रेस्तासमेत कायम गरेर जवाहिर राय यादवको नाममा दा.खा.दर्ताकोलागि सिफारिस भई आएको त्यस्तै च.नं.७१९ मिति २०८१/१२/०३ गतेको पत्रबाट श्री पुनरावेदन अदालत हेटौडाको मिति २०५४/०७ /११ गतेको फैसला र श्री सर्वोच्च अदालत काठमाडौंको मिति २०५९/०९/०१ गतेको फैसला बमोजिम जि.रौ.गाविस पतौरा वडा नं.७क कि.नं.२७९ को ०-१-१० मध्ये उतर तर्फबाट ४ खण्डको १ खण्ड ०-०-७-८जवाहिर राय यादवको नाममा दा.खा.को हुने गरी फैसला भएकोमा ट्रायलचेकबाट गाविस पतौरा वडा नं.७क कि.नं.२७९ को०-१-१०को क्षेत्रफल ०-५-५कायम भई सो मध्ये उतर तर्फबाट ०-१-६-४ जग्गा प्रमाणित गरी जवाहिर राय यादवको नाममा दा.खा. दर्ताको लागि सिफारिस भई आएको ।

माग जग्गाको मोठ भिडान हुँदा गाविस पतौरा वडा नं.६क कि.नं.६७४ को०-४-२को जग्गाको मोठ श्रेस्ता खोजतलाश गर्दा फेला नपरेको र भजन राय यादवको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ त्यस्तै जि.रौ.गाविस पतौरा वडा नं.७क कि.नं.२७९को०-१-१०को जग्गा अहीमन राय मर्दा छोरा माझी राय यादव गम्हरीयाको नाममा मोठ श्रेस्ता कायम रही दा.खा.मि.नं.हरु ४००/०६८/१२/१२ र ८०९/०६३/०३/०९ को मिसिल भिडी रोक्का देखिदैन भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ ।

उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कायर्यबिधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ङ बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा.भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

# भारतीय सेनासँगको झडपमा २२ नक्सलवादी विद्रोही मारिए

एएफपी

नयाँ दिल्ली। लामो समयदेखि चलेको विद्रोहलाई दबाउन सरकारले सुरक्षा कारवाही तीव्र पारेपछिको सबैभन्दा घातक झडपमा बिहीबार मध्य भारतको जङ्गलमा कम्तीमा २२ जना माओवादी विद्रोहीको मृत्यु भएको छ।भारतको स्रोत साधनले सम्पन्न केन्द्रीय क्षेत्रका सीमान्तकृत मानिसहरूको अधिकारका लागि लडिरहेको दशकौँ लामो 'नक्सलवादी' विद्रोहमा एक हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ।

छत्तीसगढ राज्यमा दिनभरि चलेको दुई छुट्टाछुट्टै झडपमा एक भारतीय अर्धसैनिक सुरक्षा अधिकारीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ।भारतीय जनता पार्टीका नेता तथा सङ्घीय गृहमन्त्री अमित शाहले सामाजिक सञ्जाल एक्समा विद्रोही आन्दोलनका लागि साझा भारतीय नाम प्रयोग गर्दै लेख्नुभएको छ, "हाम्रो सुरक्षा बलको दुई छुट्टाछुट्टै कारबाहीमा २२ नक्सलवादी मारिएका छन्।"

बिजापुर जिल्लामा बिहान सबेरै भएको झडपमा १८ जना लडाकूसमेत २२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।राज्यको दक्षिणी क्षेत्रमा भएको छुट्टाछुट्टै भिडन्तमा अन्य चार जना विद्रोही मारिएका छन्।दुवै युद्धस्थलमा खोजी कार्य जारी रहेको र सुरक्षा बलले दुवै क्षेत्रबाट हातहतियार र गोलाबारुद बरामद गरेको दावी गरेको छ।

शाहले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "मोदी सरकार नक्सलवादीहरूविरुद्ध निर्मम दृष्टिकोणका साथ अगाडि बढिरहेको छ र आत्मसमर्पण नगर्ने नक्सलवादीहरूविरुद्ध शून्य सहनशीलताको नीति अपनाइरहेको छ।"सन् १९६७ मा चिनियाँ क्रान्तिकारी नेता माओत्सेतुङबाट प्रेरित सशस्त्र अभियान सुरु भएको क्षेत्रमा नक्सलवादी भनेर चिनिने विद्रोहीहरू लामो समयदेखि निरन्तर लड्दै आएका छन्।

शाहले भारत सरकारले अर्को वर्षको मार्चको अन्त्यसम्ममा विद्रोहको अवशेषलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ। गत वर्ष सुरक्षा फौजको कारबाहीमा करिब २८७ विद्रोही मारिएका थिए जसमध्ये अधिकांश छत्तीसगढमा रहेको सरकारी तथ्याङ्कले देखाएको छ।भारतीय समाचार संस्था प्रेस ट्रस्ट अफ इन्डिया( पिटिआई) का अनुसार यस वर्ष अहिलेसम्म ८० भन्दा बढी माओवादी मारिएका छन्। माओवादीले स्थानीय बासिन्दाका लागि जमिन, रोजगारी र यस क्षेत्रको अथाह प्राकृतिक स्रोतको हिस्सा माग्दै आएका छन्।



भारतको पूर्व र दक्षिणका धेरै दुर्गम समुदायहरूमा प्रवेश गरको उक्त आन्दोलनले सन् २००० को दशकको सुरुसम्म शक्ति र स-यामा वृद्धि गरेको थियो तर पछिल्ला दुई दशक यता यो आन्दोलन कमजोर देखिएको छ।सन् २००० पछि नयाँ दिल्लीले 'रेड करिडोर' नामाकरण गरेको उक्त क्षेत्रमा दशौँ हजार सैनिक तैनाथ गरेको छ। यस द्वन्द्वमा सरकारी फौजमाथि कैयौँ घातक आक्रमणहरू पनि भएका छन्। गत जनवरीमा सडक छेउमा भएको बम विस्फोटमा परी कम्तीमा नौ भारतीय सैनिकको मृत्यु भएको थियो।

# युक्रेनका आणविक संयन्त्रहरू अमेरिकी नियन्त्रणमा राख्ने

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई अमेरिकाले युक्रेनको आणविक उर्जा संयन्त्रको स्वामित्व लिन र सञ्चालन गर्न सक्ने बताउनुभएको छ। यो रुसको आक्रमणमा युद्धविराम सुनिश्चित गर्ने उहाँको नवीनतम प्रयासको हिस्सा हो।

रुस र युक्रेनबीच सम्भावित युद्धविरामको सुरक्षा गर्न इच्छुक लगभग ३० देशका सैन्य प्रमुखहरू बिहीबार बेलायतमा शान्ति सेना योजनाको बारेमा छलफल गर्न तयार भएपछि यो प्रस्ताव आएको हो।बुधबार ट्रम्पसँगको कुराकानीपछि युक्रेनी राष्ट्रपति जेलेन्स्कीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा यस्तै आक्रमण रोक्न सहमत भएको एक दिनपछि रुसको ऊर्जा सञ्जाल र पूर्वाधारमा आक्रमण रोक्न किएभ 'तयार' रहेको बताउनुभयो।

जेलेन्स्कीले ट्रम्पको विद्युत् संयन्त्र अधिग्रहण योजनाको बारेमा पनि छलफल गरेको बताउनभयो।"हामीले केवल रुसी कब्जामा रहेको एउटा बिजुली संयन्त्रको बारेमा कुरा गर्‍यौँ", फिनल्यान्डको आधिकारिक भ्रमणमा रहेका जेलेन्स्कीले अनलाइन ब्रिफिङमा जापोरिज्जियामा रहेको संयन्त्रलाई उल्लेख गर्दै भन्नुभयो।उहाँले रुसलाई छुट दिन ट्रम्पबाट 'कुनै दबाब महसुस नगरेको' बताउनुभयो।तर मङ्गलबार ट्रम्पसँगको आफ्नै कुराकानीमा पुटिनले पश्चिमले पहिले युक्रेनका लागि सबै सैन्य सहायता रोक्नुपर्ने जोड दिनुभएकाले व्यापक युद्धविराम अझै अस्पष्ट छ।



बेलायतका प्रधानमन्त्री किर स्टार्मर र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युक्रेनमा बेलायती र फ्रान्सेली सैनिकहरू राख्न तयार रहेको बताउनुभएको छ।बेलायत सरकारले 'उल्लेखनीय स-यामा' राष्ट्रहरू त्यसो गर्न तयार रहेको बताएको छ तर कति देशहरू इच्छुक छन् भन्ने कुरा स्पष्ट छैन।

जेलेन्स्कीसँगको कुराकानीपछि बुधबार ट्रम्पको स्वर उल्लेखनीय रूपमा सकारात्मक थियो। हालसालै ओभल अफिसमा दुई जनाबीच टेलिभिजनमा प्रसारित विवाद भए भए पनि ह्वाइट हाउसले यसलाई 'अद्भुत' भनेर वर्णन गरेको छ।

"ट्रम्पले 'युक्रेनको विद्युत् आपूर्ति र आणविक उर्जा संयन्त्रहरू' बारे छलफल गर्नुभयो र वासिङ्टनले तिनीहरूलाई चलाउन 'धेरै सहयोगी' हुनसक्ने बताउनुभयो", राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र विदेशमन्त्री मार्को रुबियोले संयुक्त विज्ञप्तिमा भन्नुभयो, "ती संयन्त्रको अमेरिकी स्वामित्व त्यस पूर्वाधारका लागि उत्तम सुरक्षा हुनेछ।"

**युद्ध अन्त्य गर्दै**

ट्रम्पले किएभलाई युरोपबाट थप हवाई सुरक्षा उपकरण प्राप्त गर्न र रुसद्वारा ' अपहरण' गरिएका युक्रेनी बालबालिकाहरू फेला पार्न मद्दत गर्ने वचन पनि दिनुभएको विज्ञप्तिमा उल्लेख छ।उहाँले यसअघि आफ्नो ट्रुथ सोसल नेटवर्कमा पूर्ण युद्धविराम गर्ने प्रयासहरू 'धेरै नै ट्र्याकमा छन्' भन्नुभएको थियो।जेलेन्स्कीले युक्रेनी र अमेरिकी अधिकारीहरू आउँदो दिनमा साउदी अरबमा नयाँ वार्ताका लागि भेट्न सक्ने बताउनुभयो। त्यहाँ रुसी र अमेरिकी टोलीहरू पनि आगामी हप्ताको सुरुमा भेट्ने अपेक्षा गरिएको छ।

मस्कोले बुधबार रुस र युक्रेनले तीन सय ७२ कैदी साटासाट गरेको बताएको छ। यो ट्रम्प-पुटिन फोनवार्तापछि सद्भावना सङ्केतका रूपमा योजना बनाइएको थियो।यद्यपि किएभ र मस्कोले एकअर्कालाई निरन्तर आक्रमणको आरोप लगाएका छन्।रुसले देशभरका विभिन्न क्षेत्रमा रातभर भएको आक्रमणमा एक सय ३२ युक्रेनी ड्रोन नष्ट गरेको बताएको छ।युक्रेनी आपत्कालीन सेवाले बिहीबार मध्य युक्रेनको क्रोपिवनित्स्कीमा रहेको आवासीय भवनमा रुसी ड्रोन हमलामा एक बालकसहित आठ जना घाइते भएको बताएको छ।

**पुटिनलाई विश्वास नगर्नुहोस्**

प्रमुख बाधा पुटिनको पूर्ण युद्धविरामको प्रतिरोध नै रहेको छ। किएभ र केही पश्चिमी सहयोगीले रुसी राष्ट्रपतिलाई कसरी विश्वास गर्न सकिँदैन भनेर जोड दिन्छ। मङ्गलबार ट्रम्पसँगको कुराकानीमा पुटिनले युक्रेनलाई अर्बौं डलरको सैन्य सहायता रोक्ने मस्कोको लामो समयदेखिको मागमा पश्चिम सहमत भएमा मात्र पूर्ण युद्धविराम सम्भव हुने कुरामा जोड दिनुभएको थियो।

पुटिनले युक्रेनलाई पुनः हतियार राख्न नदिने र अनिवार्य सैन्य भर्ती रोक्नुपर्ने माग पनि गर्नुभएको छ। मस्को र वासिङ्टन फोन वार्ताको नतिजामा समेत असहमत थिए।

क्रेमलिनले विद्युत् संयन्त्रमा आक्रमण रोक्ने बारेमा मात्र छलफल गरेको बताएको छ तर ह्वाइट हाउसले वार्तामा ऊर्जा र अन्य नागरिक पूर्वाधार दुवै समावेश भएको जोड दिएको छ।पुटिनलाई ट्रम्पको आग्रह र वासिङ्टनले अब युरोपेली सुरक्षाको ग्यारेन्टी नगर्ने सङ्केतले किएभ र संयुक्त राज्य अमेरिकाका नाटो सहयोगीहरूलाई पनि त्रास उत्पन्न गराएको छ।

"म पुटिनलाई पटक्कै विश्वास गर्दिन, एउटा शब्द पनि होइन। उहाँले केवल बल बुझ्नुहुन्छ", किएभका ३२ वर्षीय बासिन्दा लेभ शोलोउड्कोले भन्नुभयो। मस्कोमा स्थानीय बासिन्दाहरू वार्ताले रुसको फाइदाका लागि लडाइँको अन्त्य गर्न सक्ने कुरामा बढी आशावादी थिए। "निश्चित रूपमा यो हाम्रो पक्षमा छ", मस्कोकी ४६ वर्षीया बासिन्दा लारिसाले नाजी जर्मनीमाथि सोभियत सङ्घको विजयलाई उल्लेख गर्दै भन्नुभयो, "अरु कुनै उपाय छैन। सन् १९४५ मा जे भयो, अहिले पनि त्यही हुनेछ।"

# युक्रेनका बालबालिकालाई स्वदेश फर्काउने ट्रम्पको प्रतिबद्धता

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमा अपहरणमा परेका हजारौँ बालबालिकाको फिर्ता ल्याउन युक्रेनलाई सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। युक्रेनमा युद्ध अन्त्यका लागि दबाब दिइरहेका राष्ट्रपति ट्रम्पले रुसी नेता भ्लादिमिर पुटिनसँग कुरा गरेको एक दिनपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग टेलिफोनमा यस विषयमा छलफल गर्नुभएको हो।

अधिकारकर्मीहरूका अनुसार रुसी सेनाले अनाथालय वा अशक्त युवाहरूका लागि बनाइएका केन्द्र र गरिब परिवारका धेरै बालबालिकाहरू लगेका छन्। अमेरिकी विदेशमन्त्री मार्को रुबियो र ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, "ट्रम्पले



जेलेन्स्कीलाई युद्धका क्रममा युक्रेनबाट हराएका बालबालिका अपहरणमा परेका बालबालिकाबारे सोधपुछ गर्नुभएको थियो।""राष्ट्रपति ट्रम्पले ती बालबालिकालाई घर फर्काउने सुनिश्चित गर्न दुवै पक्षसँग मिलेर काम गर्ने वचन दिनुभएको छ," उहाँले भन्नुभयो। येल युनिभर्सिटीको ह्युमेनिटेरियन रिसर्च ल्याबले हराएका बालबालिकाको खोजी गरिरहेको छ तर ट्रम्पले विदेशी सहायतामा व्यापक कटौती गरेपछि अमेरिकी सरकारबाट महत्वपूर्ण आर्थिक सहयोग गुमाएको छ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले आर्थिक सहयोग कटौती भएको स्वीकार गर्दै परियोजनाको डाटा मेटिएको भन्ने ' षडयन्त्रको सिद्धान्त'लाई अस्वीकार गर्नुभएको छ।

कटौतीको बचाउ गर्दै ब्रुसले भन्नुभयो, "आर्थिक सहयोग कटौतीलाई नगर्न र विद्यमान यथास्थिति नै लक्ष्य हासिल गर्ने एक मात्र उपाय हो।"उहाँले अमेरिकी राष्ट्रपति ट्रम्पले अहिले आफ्नो कूटनीतिको माध्यमबाट यस विषयलाई सम्बोधन गरिरहेको बताउनुभयो। "मलाई लाग्छ कि यो एक राम्रो स्पष्ट सङ्केत हो र हामी अझै पनि महत्वपूर्ण मुद्दाहरूमा काम गर्न सक्छौं र तिनीहरूलाई अस्तित्वमा रहेको एक निश्चित संरचना बिना नै सम्बोधन गर्न सक्छौँ," ब्रुसले भन्नुभयो।

मानवीय अनुसन्धान ल्याबका अनुसार १९ हजारभन्दा बढी बालबालिकालाई रुस लगिएकोमा एक हजार २३६ जना मात्र फर्केका छन्।समूहले युक्रेनबाट आएका आठ हजार ४०० भन्दा बढी बालबालिकालाई रुस वा रुसको नियन्त्रणमा रहेको क्षेत्रमा ४३ र बेलारुसमा १३ बालबालिका संरक्षण केन्द्रमास्थानान्तरण गरिएको जनाएको छ।

समूहको अनुसन्धानअनुसार बच्चाहरूले अक्सर दुर्व्यवहार, अपर्याप्त खानाको अनुभव गरेका छन् र उनीहरूलाई रुसद्वारा प्रेरित अक्सर सैन्य प्रशिक्षण दिइएको छ।रुसले दुर्व्यवहारको खण्डन गर्दै आफ्नो कामलाई अनाथ बालबालिकालाई अङ्गीकार गर्ने मानवीय कार्यक्रमका रुपमा व्याख्या गरेको छ।


# ब्रेलको लिपिको सिर्जना भएको २०० वर्ष

एपी

बामाको। अमादु नडियायले अब देख्न नसक्ने संसारलाई बुझ्दै एक टुक्रा कागजमा भएका फोकामा सावधानीपूर्वक आफ्ना औँलाहरू चलाउनुभयो। स्पर्श लेखन प्रणाली ब्रेलको आविष्कार भएको दुई सय वर्ष बितिसकेको छ। यसले धेरै दृष्टिविहीन र आंशिक रूपमा दृष्टिहीन व्यक्तिको जीवनमा साक्षरता र स्वतन्त्रताको मार्ग प्रदान गरेर परिवर्तन ल्याएको छ।

"ब्रेलले मलाई मेरो जीवन जिउन मद्दत गर्‍यो", बाल्यकालमा दृष्टि गुमाउनुभएका मालीका सामाजिक कार्यकर्ता नडियायले भन्नुभयो, "पहिले मानिसहरूले आफूलाई प्रश्न गर्थे: यहाँ कोही छ जो देख्न सक्दैन, उसले कसरी सफलता हासिल गर्छ ? ऊ समाजमा कसरी एकीकृत हुनेछ ?"दुई करोडभन्दा बढी जनसंख्या भएको पश्चिम अफ्रिकी देश मालीले दृष्टिविहीन र आंशिक रूपमा दृष्टिहीन व्यक्तिहरूलाई एकीकृत गर्न लामो समयदेखि सङ्घर्ष गर्दै आएको छ। आँखाको हेरचाह गर्ने परोपकारी संस्था साइटसेभरका अनुसार मालीमा करिब एक लाख ७० हजार मानिस दृष्टिविहीन रहेको अनुमान गरिएको छ।

सत्चालीस वर्षीय नडियायले मालीको दृष्टिविहीनहरूको संस्थामा भाग लिने सौभाग्य प्राप्त गर्नुभयो । त्यहाँ उहाँले ब्रेलमा लेख्न सिक्नुभयो र आफैँलाई भन्नुभयो: "साँच्चै, अरूले गर्ने सबै कुरा, म पनि गर्न सक्छु।" उहाँले पछि विश्वविद्यालयमा पढ्नुभयो ।उहाँका अनुसार ब्रेलले



उहाँलाई गिटार बजाएर आफ्नो मुख्य सोख विकास गर्न अनुमति दिएको छ। ब्रेलले स्पर्शको महत्वलाई पनि जोड दिन्छ।"तारहरूमा प्रत्येक दबाब, गर्दनमा औँलाको प्रत्येक चाल, अर्थले भरिएको एक जीवित नोट बन्छ", उहाँले भन्नुभयो।

> ब्रेलले स्पर्शको महत्वलाई पनि जोड दिन्छ ।"तारहरूमा प्रत्येक दबाब, गर्दनमा औंलाको प्रत्येक चाल, अर्थले भरिएको एक जीवित नोट बन्छ", उहाँले भन्नुभयो ।

गिटार मालीको ग्रिओट परम्पराको अभिन्न अङ्ग हो, सङ्गीतमार्फत कथा भन्ने सांस्कृतिक अभ्यास । सङ्गीतकार हरूले कोरा जस्ता परम्परागत तार वाद्ययन्त्रहरूको आवाज अनुकरण गर्न गिटारलाई अनुकूलित गरे। अली फारका टौरे जस्ता स्थानीय कलाकारहरूले मालियन मेलोडीलाई ब्लुजका तत्वहरूसँग मिसाएर एक आत्मवादी, सम्मोहक ध्वनि सिर्जना गरेका छन् जसले अन्तर्राष्ट्रिय प्रशंसा प्राप्त गरेको छ प्रतिष्ठित मालियन साङ्गीतिक जोडी अमाडो र मरियमले किशोर हुँदा नडियायको वाद्ययन्त्रप्रतिको उत्कटतालाई जागृत गर्नुभएको थियो।

"एक दिन एक फोटोग्राफी स्टुडियो नजिकै मैले उहाँहरूको सङ्गीत झ्यालबाट गुन्जिएको सुनेँ, जसले मलाई यो विश्व पत्ता लगाउन प्रेरित गर्‍यो", उहाँले भन्नुभयो।

'मालीको दृष्टिविहीन जोडी' का रूपमा चिनिने अमाडो बागायोको र मरियम डौम्बियाले सन् १९९० को दशकमा पारम्परिक मालियन सङ्गीत, रक र ब्लुजको संयोजनसँग अन्तर्राष्ट्रिय ख्याति प्राप्त गर्नुभयो।

बागायोकोले १६ वर्षको उमेरमा दृष्टि गुमाउनुभएको थियो भने डौम्बिया पाँच वर्षको उमेरमा दादुराको उपचार नगर्दा दृष्टिविहीन हुनुभयो।

यो जोडीबीच मालीको दृष्टिविहीनहरूको संस्थामा भेट भएको थियो। त्यहाँ डौम्बियाले ब्रेल अध्ययन गर्दै हुनुहुन्थ्यो र नृत्य तथा सङ्गीतका कक्षाहरू सिकाउँदै हुनुहुन्थ्यो।यस्ता ठाउँहरूमा ब्रेलले विद्यार्थीहरूलाई पढ्न र लेख्न सिक्न लामो समय लाग्ने जस्ता शैक्षिक बाधाहरू पार गर्न अनुमति दिएको छ। राजधानी बामाकोमा दृष्टिविहीनहरूको संस्थामा पढाउने अली मुस्तफा डिक्कोका अनुसार त्यसपछि उनीहरूले अन्य कसैले जस्तै एकै परीक्षा दिन सक्छन्, जसले उनीहरूलाई रोजगारी खोज्न अनुमति दिन्छ।

डिक्को पनि दृष्टिविहीन हुनुहुन्छ।

विशेष टाइपराइटर प्रयोग गरेर उहाँले आफ्ना विद्यार्थीहरूका लागि ब्रेलमा पाठहरू सिर्जना गर्न सक्नुहुन्छ। तर उहाँका अनुसार उहाँका विद्यार्थीहरू अझै पनि असुविधामा छन्।"हामीसँग शिक्षण सामग्रीको सङ्कट छ", डिक्कोले भन्नुभयो।उहाँसँग दर्जनौँ विद्यार्थीको सम्पूर्ण कक्षाका लागि ब्रेलमा एउटा पढ्ने पुस्तक छ।

तर नयाँ प्रविधिको विकाससँगै केही दृष्टिविहीन र आंशिक रूपमा दृष्टिहीन व्यक्तिहरूले शैक्षिक बाधाहरू निरन्तर घट्ने आशा गरेका छन्।

"त्यहाँ सफ्टवेयर छन्, त्यहाँ बोल्ने टेलिफोनहरू छन्, त्यसैले त्यहाँ धेरै कुराहरू छन् जो मुखर छन्", सङ्गीत जोडीका बागायोकोले भन्नुभयो, "यसले हामीलाई अगाडि बढ्न अनुमति दिन्छ।"तर सेनेगलमा आधारित साइटसेभर्सका समावेशी शिक्षाका कार्यक्रम अधिकृत मौसा म्बेन्गेले यस्ता प्रगतिले अझै पनि दुई शताब्दीअघि ब्रेलले गरेको फड्को नमार्ने बताउनुभयो।

"यसले ब्रेललाई प्रतिस्थापन गर्न सक्दैन । यसको विपरित मेरा लागि प्रविधिले ब्रेललाई पूरक बनाउँछ", उहाँले भन्नुभयो।

# इरानी जेलमा रहेका एक फ्रान्सेली नागरिक रिहा

एएफपी

पेरिस ।सन् २०२२ को अक्टोबरदेखि इरानले हिरासतमा लिएका फ्रान्सेली नागरिक ओलिभर ग्रोन्डाउ रिहा हुनुभएको छ। उहाँको रिहाइको फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पुष्टि गर्नुभएको छ।

म्याक्रोँले ग्रोन्डाउको रिहाइबारे ष्टि गर्दै भन्नुभयो, "३४ वर्षीय ग्रोन्डेउ 'स्वतन्त्र हुनुभएको र आफ्ना प्रियजनसँग भेट भइसक्नुभएको', म्याक्रोँले एक्समा जारी एक सन्देशमा उल्लेख गर्नुभएको छ।



उहाँले इरानमा रहेका अन्य नागरिकको रिहाइको पनि पहल भइरहेको बताउनुभयो, "इरानले हिरासतमा लिएका अन्य दुई फ्रान्सेली नागरिकको रिहाई सुनिश्चित गर्न हाम्रो प्रयासमा निरन्तरता दिइनेछ । कम हुने छैन।"म्याक्रोँले करिब९०० दिनको कठिन परीक्षापछि ग्रोन्डाउको रिहाइको अवस्थाबारे थप जानकारी भने दिनुभएको छैन।

इरानमा रहेका अन्य दुई फ्रान्सेली नागरिकमा शिक्षिका सेसिल कोहलर र उहाँका साथी ज्याकपेरिस रहेका छन्।उनीहरूलाई सन् २०२२ को मे महिनामा पक्राउ गरिएको थियो । उनीहरूमाथि मजदुर आन्दोलन चर्काउन खोजेको आरोप लगाइएको छ तर उनीहरूका परिवारले भने त्यसको खण्डन गरेका छन् ।विदेशमन्त्री ज्याँ नोएल बारोटले 'एक्स' मा एक विज्ञप्ति जारी गर्दै स्वदेश फर्कने विमानभित्रको ग्रोन्डाउको तस्विर पोस्ट गर्दै भन्नुभएको छ, "'इरानमा ८८७ दिनसम्म बन्धक बनाइएका ग्रोन्डाउ आफ्नो परिवार, प्रियजन र आफ्नो देशसँग पुनर्मिलन भएका छन्। यो ठूलो राहत हो।

सन् २०२२ को अक्टोबरमा दक्षिणी इरानको शिराजबाट ग्रोन्डाउलाई पक्राउ गरिएको थियो र उहाँलाई 'इरानविरुद्ध षडयन्त्र गरेको' आरोपमा पाँच वर्षको जेल सजाय सुनाइएको थियो।

उहाँको परिवारले आरोपहरू अस्वीकार गर्दै ग्रोन्डाउलाई फारसी कविताको एक भावुक प्रशंसकको रूपमा वर्णन गरेको छ। उहाँ विश्व भ्रमणको क्रममा पर्यटन भिसामा इरान गएको पारिवारिक स्रोतले बताएको छ।

पश्चिमा मुलुकहरूले वर्षौंदेखि इरानले आफ्ना नागरिकलाई बन्धक बनाउने नीतिका आधारमा पक्राउ गर्ने गरेको आरोप लगाउँदै आएका छन्।

फ्रान्सले इरानमा रहेका आफ्ना नागरिकलाई स्वेच्छाचारी ढङ्गबाट हिरासतमा राखिएका 'सरकारी बन्धक' को सञ्ज्ञा दिएको छ । उनीहरूमाथि लगाइएका सबै आरोप निराधार रहेको र आफ्ना नागरिक निर्दोष रहेको फ्रान्सको दावी छ। यस वर्षको सुरुसम्म, ग्रोन्डाउको उहाँको पहिलो नामले मात्र पहिचान गरिएको थियो तर उहाँको पूर्ण पहिचान जनवरीमा उहाँको परिवारले खुलासा गरेको थियो।

त्यतिबेला फ्रान्सेली सञ्चारमाध्यमले प्रसारण गरेको अडियो सन्देशमा ग्रोन्डाउले आफू र इरानमा रहेका अन्य दुई फ्रान्सेली बन्दीहरू 'हिरासत जीवनबाट थकित' भएको र उनीहरूको शक्ति 'समाप्त हुँदै गएको' बताउनुभएको थियो ।

"अर्को हप्ता ३५ वर्ष पुग्ने ग्रोन्डाउ स्वदेश फर्किएपछि फ्रान्सको एक अस्पतालमा उपचाररत हुनुहुन्छ र हालैका महिनाहरूमा विशेष गरी मनोवैज्ञानिक रूपमा निकै कमजोर हुनुभएको छ," एक सरकारी स्रोतले नाम नबताउने शर्तमा एएफपीसँग बतायो।

उहाँ कहिले फ्रान्स फर्किनुभयो भन्नेबारे तत्काल केही खुल्न सकेको छैन।

# होटल व्यवसायीले १० प्रतिशत छुट दिने



भक्तपुर । आगामी वैशाख १ गतेदेखि सुरु हुने नगरकोट भ्रमण वर्ष-२०८२ मा सहयोगका लागि नगरकोटका होटल व्यवसायीले यहाँ आउने पर्यटकलाई १० प्रतिशत छुट दिने घोषणा गरेका छन् । भ्रमण वर्षको तयारीका लागि बुधबार चाँगुनारायण नगरपालिकामा आयोजित यहाँका चार नगरपालिका प्रमुख एवं जनप्रतिनिधिसहितको छलफलमा व्यवसायीहरुले यस्तो घोषणा गरेका हुन् ।

चाँगुनारायण नगरप्रमुख जीवन खत्रीले होटल व्यवसायीले भ्रमण वर्ष सुरु भएदेखि वर्षदिनभरि नै यहाँ आउने पर्यटकलाई १० प्रतिशत छुट दिने घोषणा गरेको बताउनुभयो । उहाँले नगरकोट आउने आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्ब्याउने, एक पटक आएर गएका पर्यटक फेरि आउने र खुसी भएर जाने गरी व्यवस्था र व्यवहार गर्न होटल एवं पर्यटन व्यवसायीलाई आग्रह गरिएको बताउनुभयो । "करोडौं लगानी गरेर होटल सञ्चालन गरिरहेका व्यवसायीहरुले भ्रमण वर्ष सफल पार्न सामाजिक दायित्वअन्तर्गत आवश्यक लगानीसहित आगन्तुक पर्यटकको स्वागतमा लाग्नुपर्छ । सबै वर्गका आन्तरिक पर्यटकलाई सहज रूपमा खानेबस्ने गरी छुटका प्याकेज बनाउन पनि आवश्यक छ", नगरप्रमुख खत्रीले भन्नुभयो ।

चाँगुनारायण नगरपालिकासँगै मण्डनदेउपुर, बनेपा र शङ्करापुर नगरपालिकाले संयुक्त रूपमा भ्रमण वर्षको आयोजना गर्न लागेका छन् ।

होटल व्यवसायीदेखि स्थानीयवासीले भ्रमण वर्ष सफल पार्न आ-आफ्नो घर, टोल, छिमेकमा सफाइदेखि पर्यटकको स्वागतका लागि लाग्न आग्रह गरिएको छ । स्थानीय तहले पनि आवश्यक तयारीसहित पूर्वाधार निर्माणमा पनि ध्यान दिनुपर्नेमा जोड दिइएको छ । भ्रमण वर्षलाई लक्षित गरी नगरकोट आउने नगरकोट कमलविनायक सडक खण्डको कालोपत्र गर्न नगरपालिकाले 'टेन्डर' आह्वान गरिसकेको नगरपालिकाले जनाएको छ ।

मण्डन देउपुर नगरपालिका प्रमुख टोपबहादुर वाइबाले नगरकोट चारवटै पालिकाको सङ्गमगस्थल भएको बताउँदै भ्रमण वर्षलाई सफल पार्न चारवटै नगरपालिकाले पहल गर्ने बताउनुभयो । यहाँको भौतिक संरचनादेखि पर्यटकीय क्षेत्रको विकास र भौतिक संरचना निर्माणका लागि चारवटै नगरपालिकाले लगानी गर्ने उहाँले बताउनुभयो ।

बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले नगरकोटका होटल महँगो भएकाले भ्रमण वर्षका लागि छुटको 'प्याकेज' बनाउन आग्रह गर्नुभयो । उहाँले नगरकोटको वाटर मर्मतका लागि नगरपालिका लागेको बताउँदै नगरकोट आउने पर्यटकले चारवटै पालिकको पर्यटकीय क्षेत्रको भ्रमण गर्नसक्ने गरी व्यवस्था गर्नुपर्ने बताउनुभयो ।नगरकोट नाल्दुम पर्यटन विकास समितिका अध्यक्ष नवीन गुरुङले वैशाख १ गते भ्रमण वर्षको शुभारम्भका लागि उद्घाटन स्थलको स्थायी संरचना निर्माण अन्तिम चरणमा पुगेको बताउनुभयो । उहाँले पर्यटन व्यवसायीले गर्ने योगदानबारे समितिले पुनः छलफल गरेर थप निर्णय लिने बताउनुभयो ।

चाँगुनारायण नगरपालिका-६ नगरकोटका वडाध्यक्ष धनबहादुर लामाले भ्रमण वर्ष अवधिभर व्यवसायीले १० प्रतिशत छुट दिने, सबै होटलहरूले आफ्नो होटल र आसपासका क्षेत्र सजाउने, बत्तीले झिलीमिली बनाउने, प्रचारप्रसार र प्रवर्द्धनात्मक कार्यक्रम गर्ने घोषणा गरेको बताउनुभयो ।

कार्यक्रममा पर्यटन व्यवसायी सुगरत्न कंसाकार, नगरकोट भ्रमण वर्ष-२०८२ का सम्पर्क व्यक्ति तथा विज्ञ डा घनश्याम खतिवडालगायतले पर्यटकलाई नगरकोट तान्न सक्ने गरी कार्यक्रमहरू ल्याइने बताउनुभयो ।रासस

# पोखरा र चीनका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी



छन्दु । पोखरा र चीनको सिचुवान प्रान्तको छन्दु सहरका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी बिटुबी (बिजनेस टु बिजनेस) एवं 'सेल्स मिसन' सम्पन्न भएको छ ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलो व्यावसायिक चार्टर्ड उडानमार्फत छन्दु पुगेका पर्यटन व्यवसायी र छन्दुका पर्यटन व्यवसायीबीच बिटुबी एवं सेल्स मिसन कार्यक्रमको आयोजना नेपाल पर्यटन बोर्डले गरेको हो ।

पोखरा पर्यटन परिषद् र छन्दुस्थित महावाणिज्यदूतावाससँगको सहकार्यमा गरिएको कार्यक्रममा दुवै देशका पर्यटन व्यवसायीले सिचुवान एयरलायन्सको उडान नियमित हुनुपर्नेमा जोड दिँदै पर्यटकीय साझेदारीका लागि तयार भएको बताए । छन्दुका पर्यटन व्यवसायीले पोखराको प्राकृतिक सुन्दरताको प्रशंसा व्यक्त गर्दै चिनियाँ पर्यटक लक्षित पूर्वाधार आदिमा जोड दिन आग्रह गरेका थिए ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपालको पर्यटन राजधानी पोखराबाट मित्रराष्ट्र चीनको छन्दुसम्म पहिलो व्यावसायिक चार्टर्ड उडान सुरु भएकोमा आफूहरू उत्साहित बनेको बताउनुभयो ।

नेपाल र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध हिमाल जत्तिकै उच्च, सागर जत्तिकै गहिरो र आकाश जत्तिकै फराकिलो रहेको बताउँदै उहाँले यो सम्बन्ध भृकुटी र स्रङ्चङ्ग गम्पो र अरनिकोजस्ता ऐतिहासिक व्यक्तित्वहरूको समयदेखि नै विस्तार भएको बताउनुभयो । नेपाल र चीनबीचको मैत्री सम्बन्ध कायम भएको ७०औँ वर्षगाँठ मनाइरहँदा नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेकोमा धन्यवाद व्यक्त गर्दै महानगरप्रमुख आचार्यले पोखरा महानगरपालिकाले यस वर्षलाई पोखरा भ्रमण वर्ष मनाइरहँदा अझ धेरै विशेष बन्न पुगेको बताउनुभयो ।

सिचुवान प्रदेश विश्वप्रसिद्ध चिया, जाइन्ट पाण्डा र बुद्धको ऐतिहासिक धरोहरहरूले विश्वभरका पर्यटकमाझ आकर्षणको केन्द्र बनेको बताउँदै उहाँले नेपाली पर्यटक पनि यहाँको समद्ध संस्कृति र प्राकृतिक सुन्दरता अनुभव गर्न लालयित भएको बताउनुभयो । उक्त चार्टर्ड उडानले नेपाली पर्यटक सिचुवान आउन र त्यहाँका आकर्षणहरू अनुभव गर्न सहज र सजिलो बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । यसबाट छन्दुका पर्यटकहरू सोझै पोखरा जाने र नेपालका पर्यटक पनि छन्दुको समृद्ध संस्कृति र प्राकृतिक सुन्दरता अनुभव गर्न आउने उहाँको भनाइ छ ।

प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य पोखरामा पोखरा भ्रमण वर्षका अवसरमा विभिन्न पर्यटकीय प्याकेजमा विशेष छुटका योजना पनि सार्वजनिक गरिसकिएको उहाँले बताउनुभयो ।

सिचुवान प्रान्तका परराष्ट्र विभागका उपमहानिर्देशक लिउ मिनले सिचुवान एयरलायन्सले सुरु गरेको व्यावसायिक चार्टर्ड उडान नियमित हुनेमा विश्वास व्यक्त गर्नुभयो । दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउनका लागि लागि उडानको निरन्तरतासँगै दुई देशका पर्यटन व्यवसायीबीचको साझेदारी महत्वपूर्ण बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरा छन्दु उडानले दुवै देशबीचको पर्यटकीय साझोदारीलाई बढाउने बताउनुभयो । यो उडानलाई नियमित गराउने कुरामा आफूहरू निरन्तर लाग्ने बताउँदै यसमा छन्दुका पर्यटन व्यवसायीको पनि सकारात्मक साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । छन्दुमा गरिएको बिटुबी एवं सेल्स मिसनबाट दुवै देशका पर्यटन व्यवसायीबीच आपसी मित्रतालाई अझै मजबुत बनाउने विश्वास दिइएको उहाँको भनाइ छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य पोखरा चिनियाँ पर्यटकले पनि रुचाइएको गन्तव्य भएको बताउनुभयो । पोखरामा धेरै चिनियाँ पर्यटक भित्र्याउनका लागि पोखरा-छन्दु उडानको निरन्तरता आवश्यक भएको उहाँको भनाइ छ । प्राकृतिक सुन्दरतासँगै साहसिक पर्यटनका विभिन्न गतिविधि पोखरामा पाइने उहाँले बताउनुभयो । छन्दुस्थित नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूत सुरेश राउतले पोखरा काठमाडौंपछिको दोस्रो ठूलो सहर भएको बताउँदै यो नेपालकै महत्वपूर्ण पर्यटकीय गन्तव्य भएको बताउनुभयो ।

पोखरा-छन्दु उडानलाई नियमित बनाउनका लागि महावाणिज्यदूतावासका तर्फबाट गर्न सकिने सहयोगका लागि आफूहरू तयार रहेको उहाँको भनाइ छ । रासस

# यस्तो छ विदेशी मुद्राको सटहीदर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले विहिबारका लागि विदेशी मुद्राको सटहीदर तोकेको छ । आजको विनिमयदरअनुसार अमेरिकी डलर, युरोपियन युरो, युके पाउन्ड स्टर्लिङ, स्विस फ्र्याङ्कलगायत मुद्राको मूल्य घटेको छ ।

बैङ्कका अनुसार विहिबार अमेरिकी डलर एकको खरिददर १३८ रूपैयाँ ०२ पैसा र बिक्रीदर १३८ रूपैयाँ ६२ पैसा कायम भएको छ । बुधबार एकको खरिददर १५१ रूपैयाँ १२ पैसा र बिक्रीदर १५१ रूपैयाँ ७८ पैसा कायम भएको युरोको आज खरिददर १५० रुपैयाँ ४४ पैसा र बिक्रीदर १५१ रुपैयाँ १० पैसा रहनेछ ।

युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७८ रूपैयाँ ९९ पैसा र बिक्रीदर १७९ रूपैयाँ ७७ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५६ रूपैयाँ ९२ पैसा र बिक्रीदर १५७ रूपैयाँ ६० पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ३९ पैसा र बिक्रीदर ८७ रूपैयाँ ७७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ३४ पैसा र बिक्रीदर ९६ रूपैयाँ ७६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ५१ पैसा र बिक्रीदर १०३ रूपैयाँ ९६ पैसा निर्धारण गरिएको छ ।

यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ २१ पैसा र बिक्रीदर नौ रूपैयाँ २५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ०९ पैसा र बिक्रीदर १९ रूपैयाँ १७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ८० पैसा र बिक्रीदर ३६ रूपैयाँ ९६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ८६ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०३ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १० पैसा र बिक्रीदर चार रूपैयाँ १२ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ५८ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ११ पैसा र बिक्रीदर ३१ रूपैयाँ २५ पैसा कायम भएको छ ।साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ४६ पैसा र बिक्रीदर नौ रूपैयाँ ५० पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ६७ पैसा र बिक्रीदर १३ रूपैयाँ ७३ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ १७ पैसा र बिक्रीदर २० रूपैयाँ २६ पैसा तोकिएको छ ।

त्यस्तै, हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ७६ पैसा र बिक्रीदर १७ रूपैयाँ ८४ पैसा, कुवेती दिनार एकको खरिददर ४४८ रूपैयाँ ४ पैसा र बिक्रीदर ४४९ रूपैयाँ ९९ पैसा, बहराइन दिनार एकको खरिददर ३६६ रुपैयाँ ११ पैसा र बिक्रीदर ३६७ रूपैयाँ ७० पैसा, ओमनी रियाल एकको खरिददर ३५८ रूपैयाँ ५३ पैसा र बिक्रीदर ३६० रूपैयाँ ०८ पैसा रहेको छ । भारतीय रूपैयाँ १०० को खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकिएको छ ।रासस

# मेरुङमा भेटियो दुर्लभ रेडपाण्डा

खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाका सामुदायिक वन क्षेत्रमा विश्वमा दुर्लभ मानिएको रेडपाण्डा भेटिएका छन् । रेडपाण्डाको फोटो तथा भिडियो कैद गर्न गएका नगरका टोलीले मेरुङ सामुदायिक वनमा दुर्लभ रेडपाण्डा भेटाएका हुन् ।

नगरपालिकाले आगामी वैशाखमा आयोजना गर्न लागेको रेडपाण्डा तथा थार महोत्सवलाई केन्द्रित गरेर यही चैत १ गतेदेखि वन क्षेत्र प्रवेश गरेको टोलीले चौँथो दिन रेडपाण्डा भेटेको हो । रेडपाण्डाको फोटो र भिडियोका साथै रेडपाण्डासम्बन्धी स्थलगत अध्ययन गर्ने उद्देश्यले दिक्तेल रुपाकोट मझुवागढी-६ का वडाध्यक्ष माधव राईको संयोजकत्वमा एक टोली मेरुङ पुगेका छन् ।

रेडपाण्डालाई दुई हजार सात सय ८१ मिटरको उचाइमा भेटिएको वडाध्यक्ष राईले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न समूहमा विभाजित भएर खोजी गर्ने क्रममा रुखमा सुतिरहेको अवस्थामा रेडपाण्डा भेटिएको हो ।

भेटिएको रेडपाण्डा करिब दुई वर्ष छ महिनाको भाले भएको मेरुङ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पल्लवसिंह राईले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त वनमा करिब पाँच वटा रेडपाण्डा हुनसक्ने अनुमान गरिएको छ । आकार र तौलको आधारमा रेडपाण्डालाई पाँच प्रकारमा विभाजन गरिने बताउँदै वनमा पाँचै प्रकारका रेडपाण्डा पाउन सक्ने सम्भावना रहेको रेडपाण्डा हेरालु पुष्पलाल गिरीले बताउनुभयो । नगरपालिकाको कोप्चेसहित अन्य वनमा पनि रेडपाण्डा भेटिने गरेको स्थानीयले बताउँदै आएका छन् ।

रेडपाण्डाले विशेष गरी मालिङ्गो बाँसको टुसा खान मन पराउने हुनाले मालिङ्गो भएको क्षेत्रमा बढी भेटिने स्थानीय बताउँछन् । रेडपाण्डा खोजीका लागि टोली संयोजक राईसहित महोत्सव संयोजक, दिक्तेल रुपाकोट मझुवागढ-१० का वडाध्यक्ष मुगाधन राई, १२ नं का वडाध्यक्ष दानबहादुर राईलगायत टोली वन क्षेत्रमा पुगेर अनुसन्धान थालेको वन उपभोक्ता समूहका अध्यक्ष राईले उल्लेख गर्नुभयो ।

"यसअघि क्यामेरा ट्र्यापमार्फत फेला पर्नु तथा स्थानीयले प्रत्यक्ष भेटिरहेको कुरा सुनाउनुले समेत जिल्लाका केपिलासगढी



गाउँपालिकाका फेदीसहित माथिल्लो भेगका वन क्षेत्रमा रेडपाण्डा रहेका पुष्टि हुन्छ", उहाँले भन्नुभयो ।

जिल्लामा सामुदायिक वन समूहको सक्रियता तथा वनसम्बन्धी विभिन्न परियोजनाको सहकार्यमा रेडपाण्डा संरक्षण अभियान सञ्चालन गरिएको छ । विशेषगरी फेदी क्षेत्रका विभिन्न सामुदायिक वन समूहमा आवद्ध स्थानीय रेडपाण्डाको संरक्षण तथा प्रचारप्रसार अभियानमा जुटेका छन् । फेदीवासीले वन क्षेत्रमा रेडपाण्डा संरक्षण तथा प्रचारप्रसारसम्बन्धी होर्डिङ बोर्ड राख्नका साथै फोटो खिचेर उपलब्ध गराउनेलाई नगद पुरस्कार दिने गरेका छन् ।

नगरपालिकाले गर्ने रेडपाण्डा तथा थार महोत्सवले 'मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५' थप प्रभावकारी बन्ने र दीर्घकालीन योजना सफल बनाउन मद्दत पुग्ने जनाइएको छ । रासस


## जनकनन्दिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### खजुरी, धनुषा

## सेवा करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/०८ गते**

यस गाउँपालिकामा नेपाल सरकार लोक सेवा आयोग वा प्रदेश सरकार लोक सेवा आयोगबाट पदपूर्ति नहुञ्जेल सम्मका लागि देहाय बमोजिमका कर्मचारीहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता प्राप्त नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गाँउपालिकाको कार्यालय खजुरी, धनुषामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद तह | माग पद संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | ०२/२०८१/०८२ | अ.न.मी/क.न. (चौथौ तह) | ४ (चार) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |
| २ | ०३/२०८१/०८२ | ल्याब असिस्टेन्ट (चौथौ तह) | १ (एक) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |
| ३ | ०४/२०८१/०८२ | इन्जिनियर सिभिल (सातौं तह) | १ (एक) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |
| ४ | ०५/२०८१/०८२ | सव-इन्जिनियर सिभिल (पाचौं तह) | १ (एक) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |
| ५ | ०६/२०८१/०८२ | कृषि (चौथौ तह) | १ (एक) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |
| ६ | ०७/२०८१/०८२ | पशु (कृषिभेट) (चौथौ तह) | १ (एक) | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |

**शर्तहरू**

**१. शैक्षिक योग्यता**

क. अ.न.मी. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM कोर्स उतिर्ण गरि सम्बन्धित काउन्सीलमा दर्ता भएको हुनु पर्ने ।

ख. ल्याब असिस्टेन्टको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट कोर्स उतिर्ण गरि सम्बन्धित काउन्सीलमा दर्ता भएको हुनु पर्ने ।

ग. इन्जिनियर सातौं तहको हकमा स्नातक सिभिल इन्जिनियरीङ्ग उतिर्ण गरि नेपाल इन्जिनियरीङ्ग परिषद्मा दर्ता भएको हुनु पर्ने ।

घ. सव-इन्जिनियर पाचौं तहको हकमा हकमा डिप्लोमा सिभिल इन्जिनियरीङ्ग उतिर्ण गरेको हुनु पर्ने ।

ङ. कृषि चौथो तहको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा टि.एस.एल.सी/ एस.ई.ई. वा सो सरह उतिर्ण गरेको ।

च. पशु चौथो तहको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा टि.एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको ।

**२. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू** :-

क. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र बसाईसराई तथा विवाह दर्ताको प्रतिलिपी

ग. तोकिएको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलपी

घ. आवेदश शुल्क तिरेको सक्कल भौचर वा नगदी रसिद (जनकनन्दनी गाउँपालिकाको नाउँमा कृषि विकास बैंकको खाता नं. १००५५०१६९१६४६०१० मा शुल्क तिरेको सक्कलै भौचर)

**३. उमेर** : १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**४. करार अवधि** : करार सम्झौताको मिति देखि ६ महिनासम्म । प्रत्येक ६/६ महिनामा करार म्याद थप हुन सक्नेछ ।

**५. छनौटका आधारहरू** : लिखित र अन्तरवार्ता

**६. सेवा शर्त र सुविधा** : प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाले तोके अनुसार ।

**७. दरखास्त दिने अन्तिम मिति** : २०८१/१२/२३ गते कार्यालय समय भित्र

८. स्थानीयलाई विशेष प्राथमिकता दिईने छ ।

९. अन्तिम दिन विदा परेको खण्डमा उक्त दिनको भोलि पल्ट सम्म दरखास्त फाराम भर्न पाइने छ ।

१०. माथि उल्लेखित रीतपूर्वक पेश हुन नआएका दरखास्त आवेदन उपर कुनै कारवाही हुने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

# एसईई परिक्षामा मर्यादा भंग गर्ने ४२४ मोबाइल बरामद, २ जना पक्राउ

**दिलीप पाण्डे**

रौतहट । देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) को सञ्चालनका क्रममा अनियमितता र परीक्षाको मर्यादा भंग गर्ने कार्यहरू बढ्दै गएको देखिएको छ। परीक्षाको पहिलो दिनमै विभिन्न परीक्षा केन्द्रमा चिट चोर्न र परीक्षामा अनधिकृत रूपमा सहयोग पुर्याउने कार्यमा संलग्नहरूलाई नियन्त्रणमा लिइएको छ। यस क्रममा ४ सय २४ वटा मोबाइल फोन बरामद गरिएको छ भने परीक्षाको मर्यादा भंग गरेको आरोपमा एक जना परीक्षा निरीक्षक र एक जना बाहिरी व्यक्ति पक्राउ परेका छन्।

रौतहटको यमुनामाई गाउँपालिका-५ स्थित यमुनामाई माध्यमिक विद्यालय झुन्खुन्वा परीक्षा केन्द्रमा एक जना परीक्षा निरीक्षकले परीक्षार्थीहरूबाट रकम लिई मोबाइल प्रवेश गराएको पाइएको छ। प्रहरीका अनुसार परीक्षामा चिट चोर्नका लागि परीक्षार्थीहरूलाई सजिलो बनाइदिने उद्देश्यले परीक्षा निरीक्षकले उनीहरूबाट आर्थिक लाभ लिएको प्रमाण फेला परेको हो। चेकजाँचका क्रममा परीक्षार्थीहरूका शरीरमा लुकाइएका मोबाइल फोनहरू फेला परेपछि यस विषयमा थप अनुसन्धान थालिएको छ।

यसैगरी मौलापुर नगरपालिका-५ स्थित लक्ष्मिनिया मावि मौलापुर परीक्षा केन्द्रमा बाहिरबाट चिट पुर्याउने कार्यमा संलग्न एक जना व्यक्तिलाई पनि पक्राउ गरिएको छ। प्रहरीका अनुसार ती व्यक्तिले परीक्षार्थीहरूसम्म चिट पुर्याउने प्रयास गरिरहेका बेला निगरानी टोलीले उनलाई नियन्त्रणमा लिएको हो। यस वर्षको एसईई परीक्षामा परीक्षार्थीहरूले मोबाइल लुकाएर परीक्षा हलमा प्रवेश गर्ने प्रयासहरू व्यापक रूपमा देखिएको छ। चेकजाँचका क्रममा ४ सय २४ वटा मोबाइल फोन विभिन्न परीक्षा केन्द्रहरूबाट बरामद गरिएको छ।

परीक्षाको मर्यादा भंग गर्ने कार्यमा संलग्नलाई कडाइका साथ कारबाही गरिने बताइएको छ। प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपक कुमार रायका अनुसार परीक्षामा मोबाइल लुकाएर प्रवेश गर्ने कार्य नियन्त्रण गर्नका लागि थप कडाइ अपनाइनेछ।

डीएसपी रायले भनेपरीक्षाको शुद्धता र मर्यादा कायम राख्नका लागि सुरक्षा व्यवस्था थप कडा पारिनेछ। परीक्षाको समयमा परीक्षार्थीहरूलाई कुनै पनि प्रकारको अनियमित गतिविधि गर्न नदिनका लागि कडा निगरानी गरिने छ।

## एसईईमा खटिएका ३ जना निरिक्षक निष्कासित

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको दुई वटा एसईईको परीक्षा केन्द्रमा खटिएका तीन जना निरीक्षकलाई परीक्षामा अनियमितता गरेको आरोपमा निष्कासित गरिएको छ।


बैठा तथा हरिपुर्वा नगरपालिकाको केश्वर गरिब जनता माध्यमिक विद्यालय परीक्षा केन्द्रमा खटिएका निरीक्षक बाबुलाल रायलाई परीक्षामा अनुचित सहयोग गरेको भेटिएको थियो।



शिक्षा समन्वय इकाई कार्यालय सर्लाहीले जनाएअनुसार निरीक्षकहरूलाई परीक्षार्थीहरुलाई चिट चोर्न सहयोग गरिरहेको अवस्थामा पक्रेर कारबाही गरिएको छ। रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालय (बलरा नगरपालिका-४) मा खटिएका निरीक्षक रिंकु देवी र रामनारायण

शिक्षा समन्वय इकाई कार्यालयका अधिकारीहरूले एसईई परीक्षा निष्पक्ष बनाउन यस्ता अमर्यादित क्रियाकलापमा संलग्न कर्मचारीमाथि कडा कारबाही गर्ने नीति अपनाएको बताए । उनले बाँकी परीक्षा केन्द्रहरूको अनुगमनलाई पनि थप कडा बनाउने जनाएको छ।

## ठूलो मात्रामा चिट बरामद



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सोनमा गाउँपालिकाको माध्यमिक विद्यालय खखना लोटना एसईई परीक्षा केन्द्रका परीक्षार्थीका साथबाट ठूलो मात्रामा गेसपेपर, चिट र उत्तर लेखिएका फ्लाप बोर्ड बरामद भएको छ।

परीक्षा शुरु भएको केहीबेरमै परीक्षा केन्द्रमा अंग्रेजी विषयको प्रश्नको जवाफ लेखिएको फ्लाप र कम्प्युटर टाइप भएको फोटोकापी विद्यार्थीहरुको हातहतमा पुगेको थियो। महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने नेतृत्वमा खटिएको अनुमगन टोलीले ठूलो मात्रामा चिट बरामद गरिएको बताए।

विद्यार्थीलाई बाहिरबाट फ्लाप दिँदा सुरक्षार्थ खटेका प्रहरीले कुनै अवरोध नगरेको र भित्र परीक्षार्थीले उत्तर सार्दा परीक्षा निरीक्षकले छुट दिएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए।

केन्द्राध्यक्ष अरुणकुमार यादवले बाहिरबाट चिट ल्याउन सहजताका लागि झ्याल नभएको सडक छेउका कोठामा परीक्षा सञ्चालन गरेको आरोप छ। यादवले परीक्षा केन्द्रबाहिर अभिभावकको भीडले चिट नियन्त्रण गर्न समस्या भएको स्वीकारेका छन्।

पर्खालमाथि चढेर झ्यालबाट चिट पुर्‍याउँदै दृश्य निकैबेर चलिरहेको देखिन्थ्यो। अन्य परीक्षा केन्द्रको परीक्षा विगतभन्दा मर्यादित भए पनि खखना केन्द्रमा सुधार नभएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए।

महोत्तरीमा ३२ परीक्षा केन्द्रमा ११ हजार १ सय ६१ जना परीक्षार्थी सहभागी छन् । परीक्षा अमार्यादित मनाउनेलाई कारबाही थालिएको जनाइएको छ।

# 'माओवादी एक्लै चुनाव जित्ने आधार बलियो'



**टुडे समाचारदाता**

बारा । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीले एक्लै चुनाव जित्ने आधार बलियो बन्दै गएको बताएका छन् । जनतासँग माओवादी, तराई मधेश जागरण अभियानअन्तर्गत बारामा आयोजित सभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले विगतमा कहिले कांग्रेस त कहिले एमालेसँग मिलेर चुनाव लड्दा उनीहरूले फाइदा लिने तर माओवादीले घाटा व्यहोर्ने अवस्था रहेको बताए।

गत मंसिरको उपनिर्वाचन र भर्खरै सम्पन्न स्ववियु निर्वाचनसम्म आइपुग्दा माओवादी एक्लैले चुनाव जित्ने आधार बलियो बनेकाले कसैको वैशाखी नटेकेर माओवादी चुनाव लड्नै सक्दैन भन्ने विरोधीहरूको भाष्य खारेज भएको उनले स्पष्ट पारे।

अध्यक्ष प्रचण्डले भने, 'गत उपनिर्वाचनमा कांग्रेस एमाले मिलेरमात्र होइन, उनीहरूले आपसमा चुनाव चिन्ह साटफेर गरेर माओवादीविरुद्ध लड्दा पनि हामीले धेरै ठाउँमा भारी मतान्तरले जितेका थियौं। अहिले स्ववियु निर्वाचनमा आउँदा पनि कांग्रेस र एमालेसमर्थित विद्यार्थी संगठनहरू मिलेर चुनाव लड्दा पनि माओवादी समर्थित अखिल क्रान्तिकारीले एक्लै देशव्यापी उत्साहप्रद नतिजा निकालेको छ। कयौं ठूला क्याम्पसमा तिसौं वर्षदेखिका रेकर्ड तोडिएका छन्। युवा विद्यार्थीहरू अब प्रतिगमन र यथास्थितिको पक्षमा नभई अग्रगमन र परिवर्तनको पक्षमा छन् भन्ने स्ववियु निर्वाचनले स्पष्ट सन्देश दिएको छ।'

उनले सरकारका गलत क्रियाकलापको फाइदा उठाएर प्रतिगामी शक्तिहरूले टाउको उठाउने दुस्साहस गरेको टिप्पणी गर्दै जनताको अधिकारको रक्षाका लागि प्रतिगामी र यथास्थितिवादी शक्तिका विरुद्ध लड्नुपर्ने दायित्व फेरि जनताकै काँधमा आएको बताए । अध्यक्ष प्रचण्डले पार्टीले अघि बढाएको तराई मधेश जागरण अभियानले दक्षिण नेपालका लाखौं जनतामा नयाँ भरोसा जगाएको बताए।

# गेटा अस्पतालको निर्देशकमा डा. यादव नियुक्त

**टुडे समाचारदाता**



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गेटा अस्पतालको निर्देशक पदमा प्रमुख वरिष्ठ कन्सलटेन्ट डा. प्रमोदकुमार यादवलाई नियुक्त गरिएको छ।

नवनियुक्त निर्देशक डा. यादव हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) मा १०औं तहमा कार्यरत छन्।

उनी यसअघि प्रादेशिक अस्पताल जनकपुरको निर्देशकका रूपमा कार्य गरेर आफ्नो नेतृत्व क्षमता प्रमाणित गरिसकेका छन्। यसका साथै ट्रमा सेन्टरका निर्देशकको रूपमा पनि उनले ठूलो अनुभव प्राप्त गरेका छन्।

गेटा अस्पतालको निर्देशक पद केही समयदेखि रिक्त नै थियो । सो पदमा अब डा. यादवको नियुक्तिले अस्पतालको कार्यसम्पादन र सेवामा सुधार ल्याउने अपेक्षाहरु रहेका छन्।

# रेल विभागमा धर्ना



**टुडे समाचारदाता**

जनकपुरधाम । अधिग्रहण गरेको जग्गाको मुआब्जामा देखिएको विवाद सुल्झाउन ढिलाई गरेको भन्दै महोत्तरी बर्दिवासका किसानहरुले बिहीबार काठमाण्डुस्थित रेल विभागको कार्यालयमा धर्ना दिएका छन्।

मुआब्जा विवादकै कारण ब्रोडगेजको विस्तार बर्दिवाससम्म हुन सकेको छैन । जयनगरदेखि महोत्तरीको भंगहासम्म ब्रोडगेज निर्माण भएर रेल सेवा सञ्चालनमा आइसके पनि मुआब्जा विवादका कारण बर्दिवास खण्डमा काम रोकिएको छ।

बर्दिवासका रेल्वे आयोजना पीडित संघर्ष समितिले रेल विभागलाई दिएको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'हामीमाथि परेको पीरमर्काबारे लामो समयदेखि निवेदन र भेटेरै अनुरोध गर्दा पनि मुआब्जा विवाद समाधान गर्न पहल नहुँदा अन्तिम चरणको धर्ना तथा रिले अनसन हुँदै आमरण अनसन बस्ने अवस्थामा पुगेका छौं।'

संघर्ष समितिका प्रतिनिधि निरज अधिकारीले मुआब्जा विवाद समयमै नसुल्झाए रेल आयोजनाको काममा अवरोध गर्ने चेतावनी दिए। 'लामो समयदेखि हामीलाई मुआब्जामा अल्झाउने काम मात्र गरिएको छ,' अधिकारीले भने, 'मान्य हुनेगरी मुआब्जा वितरण नगरिए हामी रेलको काममा अवरोध गर्छौं।'

संघर्ष समितिले गत मंसिर २३ गते रेल विभागमा बर्दिवास र भंगाहाको मुआब्जा वितरण गर्दा जनकपुर रेल्वे रेल विभागले नियम मिचेर मुआब्जा वितरण गरेको प्रमाणसहित विभागलाई जानकारी गराउँदा ओझालाई कारबाही नगरिएकोमा पनि आक्रोश व्यक्त गरेका छन्।

रेल विभागका महानिर्देशकलगायत कर्मचारसँगको छलफलमा मुआब्जा समस्या यथाशिघ्र समाधान गर्ने सहमति भए पनि ३-४ महिनापछि पनि समस्या उस्तै रहेको उनीहरुको भनाइ छ।

संघर्ष समितिका अधिकारीले जनाए अनुसार रेल विभागले मुआब्जा वितरण गर्दा भएको त्रुटि सच्चाएर प्रतिवेदन तयार गरी भुक्तानी गर्ने आश्वासन दिए पनि समस्या यथाअवस्थामै राखेर फाइल भौतिक निर्माण मन्त्रालयमा पठाइएको र त्यहाँबाट पनि फाइल गृह मन्त्रालय गइसकेकाले अल्मल्याउने काम मात्र भएको छ।

# ठाकुरराम क्याम्पसको मतगणना रोकियो, विद्यार्थीद्वारा टायर बालेर प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । शिलबन्दी नम्बर मेल नखाएपछि उत्पन्न विवादका कारण ठाकुरराम बहुमुखी क्याम्पसको मतगणना रोकिएको छ।

जारी स्ववियु निर्वाचनको मतगणना बिहीबार दिउँसो २ बजे पछाडि अवरुद्ध भएको निर्वाचन समितिको कार्यालयले जनाएको छ।

मंगलबार मतदान सकिएलगत्तै निर्वाचन समितिले मतपेटिका शिल गरेर मुचुल्का उठाउने क्रममा उम्मेदवारका प्रतिनिधिहरूलाई शिलबन्दी नम्बर दिएको थियो।

तर बिहीबार दिउँसो मतपेटिका खोल्ने क्रममा उम्मेदवारका प्रतिनिधिसँग रहेको सिलबन्दी नम्बर र मतपेटिकामा रहेको सिलबन्दी नम्बर मेल नखाएपछि विवाद उत्पन्न भएको छ।

शिलबन्दी नम्बर नै फरक परेपछि मतगणनामा खटिएका उम्मेदवारका प्रतिनिधिहरूले क्याम्पस प्रशासन र निर्वाचन समितिविरुद्ध नाराबाजी गर्दै टायर बालेर प्रदर्शन गरेका छन्।

मतगणना अवरुद्ध हुनुअघि निर्वाचन समितिले सार्वजनिक गरेको पछिल्लो मत परिणामअनुसार सभापति पदमा राजकुमार यादव अग्रस्थानमा छन्। उनले ४ सय २० मत प्राप्त गरेका छन्।

दोस्रो स्थानमा विकास मण्डल धानुकले २६१ मतका साथ पछ्याइरहेका छन् भने सुधीर पटेल समूहका उम्मेदवार कमलेश यादवले २०४ मत र पाँचौं स्थानमा रहेका अनेरास्ववियुका पवन यादवले १५० मत प्राप्त गरेको जनाइएको छ।

**उपभोक्ता हकको रक्षा गरौं**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपुर्ति पाउने व्यवस्था छ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

WE ARE HIRING

FOR CLASS I TO V
1. English
2. Nepali
3. Math
4. Science
5. Social

FOR CLASS VI TO XI
1. English
2. Math
3. Science (PCM)
4. Business Studies
5. Account
6. Economics

MOTHER TERESA PUBLIC SCHOOL
SINCE : 2050
JANAKPURDHAM

Qualification
- B.ed in Related Subject for Class I to V.
- M.ed in Related Subject for Class VI to XI.

Note: Fluency in English (must for all teaching post.)

Application Deadline
20, chaitra 2081
contact us
+977 9826111690

Submit your CV or Portfolio at school premises with
Application Fee: RS.100
selection will be based on written, demo and interview

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८